तीन

# वैदेशिक रोजगारीको मृत्युपछि आर्थिक कारणले परिवारमा परेको सामाजिक र मनोसामाजिक असर

**उमा पौडेल**

## पृष्ठभूमि

नेपालको परिवेशमा अत्यन्त लोकप्रिय रोजगारको रूपमा वैदेशिक रोजगारलाई लिन सकिन्छ । जनगणना २०६८ ले औसतमा ५६ प्रतिशत घरधुरी वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणमा निर्भर रहेको देखाउँछ । वैदेशिक रोजगार वार्षिक सवा चार लाख युवा खपत गर्ने श्रम बजारको रूपमा रहेको छ । युवाहरू विदेश जानुमा विभिन्न कारण छन् । मुलुकभित्र सीमित रोजगारका अवसर, कृषि क्षेत्रमा अरुचि, श्रमको उचित मूल्यांकनको अभाव र उच्च गरिबीका कारण वैदेशिक रोजगारप्रति आकर्षण बढ्दो छ । परिवार र छोराछोरीको लालनपालनको जिम्मेवारी एउटा बाध्यता हो । विदेशी जीवनशैली र कमाइ आकर्षक पक्ष हो । हवाईजहाज चढ्ने र विदेशको अनुभव लिने देखासिकी पनि कम छैन । मनग्य आम्दानी र सुन्दर भविष्यको सपना प्रवल छ । यिनै कारणवश नेपालको विमानस्थलबाट मात्रै दिनहुँ १२–१५ सय युवा वैधानिक प्रक्रियाबाट वैदेशिक रोजगारमा जाने गरेका छन् ।

वि.सं. २०४० को दशकमा तत्कालीन सरकारले खाडी लगायतका मुलुकमा नेपाली कामदार पठाउने नीति अगाडि सार्‍यो (खत्री २०७३/२०७४) । वैदेशिक रोजगारलाई व्यवस्थित गर्न २०४२ सालमा वैदेशिक रोजगार ऐन तर्जुमा गरियो । यो ऐनमा कामदारको मृत्युपछि आर्थिक सहायता पाउने सम्बन्धी कुनै पनि व्यवस्था गरिएको थिएन । यस ऐन पूर्ण कार्यान्वयन हुँदा नहुँदै २०४६ सालको जनआन्दोलन भयो । त्यही आन्दोलनबाट प्राप्त प्रजातान्त्रिक शासन व्यवस्था अन्तर्गत खुला अर्थतन्त्रको अभ्यास हुन थाल्यो र

नेपालीहरू आफ्नो पेशा वा रोजगारको लागि जहाँसुकै जान स्वतन्त्र भए । वैशाख ११, २०६१ मा विश्व व्यापार संगठनको १४७ औँ सदस्यको रूपमा नेपालले प्रवेश पायो । त्यसपछि नेपाल पनि विश्व बजारमा औपचारिक रूपमै एक अंगको रूपमा स्थापित भयो । विश्व श्रम बजारमा नेपाली श्रमशक्ति अझ बढी आकर्षित हुन थाल्यो ।

वैदेशिक रोजगार ऐन २०६४ आएपछि औपचारिक रूपमा वैदेशिक रोजगार खुला भयो । ऐन अनुसार कुनै पनि देशमा (भारत बाहेक) तलब पाउने गरी नियुक्त भई काम गरिएको वा विदेशमा नियमित रूपमा काम गर्न भर्ना भएको अवस्थालाई वैदेशिक रोजगारको अर्थमा बुझिन्छ । हालसम्म सरकारले ११० मुलुकमा जान र पठाउन सक्ने गरी स्वीकृति प्रदान गरेको छ । वैदेशिक रोजगारीको सुरक्षा र सुविधाको लागि रोजगारदाता मुलुक र कामदार पठाउने मुलुकका सरकारबीच द्विपक्षीय श्रम सम्झौता हुनु जरुरी हुन्छ ।

यसरी रोजगारमा जाने सबै जनाको सपना सोचेझैँ यथार्थमा बदलिएको पाइँदैन । सम्पूर्ण रूपमा स्वस्थ रहेको प्रमाणित भएर जाने कामदार पनि बिरामी भएर, "मेडिकल्ली अनफिट" भएर र मृत्यु भएर फर्काइएका उदाहरण कम छैनन् ।[1] दैनिक सरदर ३ देखि ४ शव नेपालको विमानस्थलबाट भित्रिन्छन् । धेरैजसो प्राकृतिक मृत्यु, आत्महत्या र दुघर्टनाका कारण मृत्यु हुने गरेको तथ्य खुलाइएको पाइन्छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको प्रतिवेदन अनुसार बोर्डको स्थापना काल २०६४[२] देखि २०७५ असोज मसान्तसम्म विदेशमा ज्यान गुमाउनेको संख्या ६,९२१ छ जसमा पुरुष ६,७६६ र महिला १५५ छन् । मृत्यु हुनेमा मलेसियामा कार्यरत कामदार धेरै छन् । मानसिक सन्तुलन गुमाएर तथा अपांग

[1] वैदेशिक रोजगारमा जाने कामदारको मृत्युको कुरा गर्दा, पहिलो र दोस्रो विश्व युद्धमा र त्यस पछिका पनि युद्धहरूमा लाहुरेको मृत्यु भएका छन् । तर ती मृत्युपछि त्यसले पारेको आर्थिक, सामाजिक र मनोवैज्ञानिक असरबारे ऐतिहासिक रूपले अध्ययन भएको देखिँदैन । युद्धमा सैनिकको रूपमा लाहुरेको मृत्यु वा अन्य अवस्थामा भएको मृत्युभन्दा वर्तमानमा खाडी र अन्य मुलुकमा गैर-सैनिकको रूपमा वैदेशिक रोजगारमा जाने कामदारको मृत्यु फरक छन् । यी दुई प्रकारका मृत्युले पार्ने सामाजिक र मनोवैज्ञानिक असरमा धेरै समानता छन्, तथापि केही महत्त्वपूर्ण भिन्नता पनि छन् । उदाहरणको लागि, युद्धमा मारिएको खबर मात्र परिवारको गाउँघरसम्म आउँथे, लाश नै आउँदैनथ्यो । तर हाल वैदेशिक रोजगारमा जाने कामदारको मृत्युको खबर पहिले आउँछ र पछि लाश आउँछ, जसले शोकमा पनि असर पार्छ । भारत वा अन्य देशमा सैन्य सेवाका अतिरिक्त अनौपचारिक क्षेत्रमा व्यक्तिगत तवरमा काम गर्न जाने नेपालीको संख्या अत्यधिक रहेको छ, तर तिनको मृत्युको प्रकृति र असरबारे अध्ययन भएको छैन । यो लेखमा भने ती मृत्युको चर्चा नगरिकन हालैको वैदेशिक रोजगारमा गएकाको मृत्युलाई मात्र समेटिएको छ ।

[२] बोर्डको स्थापनाअघि, २०६१ साल (सन् २००४) मा इराकमा १२ जना नेपाली मारिएका थिए ।

भएर फर्कनेहरूको संख्या पनि उत्तिकै छ । यस्ता घटनाले गर्दा परिवारजन अभिभावक विहीन हुने एवं अपांग तथा मृतकका परिवारको विचल्ली हुने गरेको छ ।

वैदेशिक रोजगारमा जाने क्रममा बिमा र श्रम गरे बापत श्रम अवधिमा[३] कामदारको मृत्यु भएको अवस्थामा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड नियमावली (चौँथो संशोधन २०७५) ले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभाग मार्फत आर्थिक सहायता र बिमा कम्पनीले बिमाको रकम नजिकको हकवालालाई दिने व्यवस्था छ । सोही व्यवस्थालाई आधार मानी वैदेशिक रोजगारीको परिवारजनले बोर्ड र बिमामा क्षतिपूर्ति रकमको दाबी गरेको हुन्छ । यहाँ आर्थिक सहायता र बिमाको रकम घर भित्रिएपछि व्यक्ति तथा परिवारमा परेको आर्थिक तथा मनोसामाजिक असरबारे अध्ययन गरिएको छ । यो अध्ययन नवलपरासीको सुस्ता बर्दघाट पश्चिमका महिला, बालबालिका तथा वृद्धवृद्धामा परेको सामाजिक तथा मनोसामाजिक असरमा केन्द्रित छ ।

## मृतकका परिवारले पाउने आर्थिक सहायता र क्षतिपूर्तिको प्रावधान

### *नेपालको कानून र अभ्यास*

वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८(घ) र वैदेशिक रोजगार नियमावली २०६४ को नियम २८ बमोजिम वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ । त्यसका लागि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको प्रमाणित गर्ने कागजातका आधारमा निश्चित प्रक्रिया पूरा गर्दछ ।[४] यसरी आर्थिक सहायता प्रदान गरिएको प्रमाणित कागजातका आधारमा बिमा कम्पनीले पनि क्षतिपूर्तिको रकम दिन्छ ।

कामदारको मृत्यु हुँदा गन्तव्य मुलुक र उत्पतिको मुलुक दुवैमा उसको कानूनी अवस्था लेखबद्ध छ वा छैन, थाहा पाउनुपर्छ । वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई

[३] श्रम अवधि मलेसियामा तीन वर्ष र खाडीका छ देश (यूएई, कतार, साउदी अरब, कुवेत, ओमान र बहराइन) मा दुई वर्ष छ ।

[४] शवसँग आएका सम्पूर्ण कागजात (मृतकको कामदारको पासपोर्ट, श्रम स्वीकृति, सम्झौतापत्र, रोजगारदाता मुलुकबाट प्राप्त मृत्यु प्रमाणपत्र, सम्बन्धित देशमा रहेको नेपाली राजदूतावासको सिफारिस पत्र) तथा नेपालको मृत्यु दर्ता प्रमाणपत्र, मृतकको नागरिकताको प्रतिलिपि, हकवालाको नागरिकता वा नाबालकको हकमा जन्म दर्ता तथा नाता प्रमाणित पत्र र दुई प्रति पासपोर्ट साइजको फोटो, मृतक अविवाहित भए सोको प्रमाणित कागजात नगर वा गाउँपालिकाको सिफारिस तथा नोटरी पब्लिकबाट प्रमाणित गरी बोर्डले तय गरेको ढाँचा अनुसार निवेदनको साथमा रु. दशको हुलाक टिकट टाँस गरी नेपालमा शव प्राप्त भएको एक वर्षभित्र पेश गर्नुपर्ने हुन्छ ।

वैदेशिक रोजगारमा गएको, करार अवधि समाप्त भएको एक वर्षभित्र मृत्यु भएको हुनुपर्छ । यसरी मृत्यु प्रमाणित भएको एक वर्षभित्र मृतक कामदारको नजिकको हकवालाले बोर्डको सचिवालयमा निवेदन पेस गरेको अवस्थामा आर्थिक सहायता प्राप्त गर्न सक्ने व्यवस्था छ ।

आर्थिक सहायता पाउनका लागि वैदेशिक रोजगार विभागमा श्रम स्वीकृति लिने बेलामा कामदारले कल्याणकारी कोषमा रकम बुझाउनुपर्छ । वैशाख २०७३ अघि कल्याणकारी कोषमा रु. एक हजार जम्मा गरेको अवस्थामा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक सहायता बापत रु. तीन लाख र जीवन बिमा बापत रु. पाँच लाख मात्र दिने व्यवस्था थियो । वैशाख २०७३ देखि लागू हुने गरी बिमाको प्रिमियम रकम तीन वर्ष सम्मको श्रम अवधिका लागि रु. एक हजार पाँच सय र तीन वर्ष माथिको श्रम अवधिका लागि रु. दुई हजार पाँच सय तोकिएपछि कामदारको वैदेशिक रोजगार जीवन बिमा वृद्धि गरी १५ लाख रुपैयाँ पुऱ्याइएको छ । जीवन बिमा पहिले रु. पाँच लाख पाउनेमा बढाएर रु. दश लाख पुऱ्याएको र वैदेशिक रोजगारका क्रममा नेपाली कामदारलाई लाग्न सक्ने १५ प्रकारका गम्भीर रोग लागेमा उपचार गर्न थप रु. पाँच लाख सम्मको स्वास्थ्य उपचार बिमाको व्यवस्था मिलाइएको छ । बोर्डले साउन १६, २०७५ देखि वैदेशिक रोजगारमा जाने कामदारको मृत्यु भएमा परिवारलाई दिइने आर्थिक सहायता रु. सात लाखसम्म र कामदार अंगभंग भएको अवस्थामा उपचार खर्च रु. सात लाखसम्म दिने व्यवस्था गरेको छ ।

आर्थिक सहायता तथा बिमा रकम पाउनेमा नजिकको हकवालाहरूको श्रेणी बनाइएको छ । नजिकको हकवालाले भनेको आफूले पालनपोषण गर्नुपर्ने पति, पत्नी वा छोरा, छोरी हुन् । मृतकको श्रीमतीलाई पहिलो हकवाला तोकिएको छ । मृतक अविवाहित भएमा त्यसको प्रामाणिक कागजातका आधारमा बुबाआमालाई आर्थिक सहायता दिने व्यवस्था छ ।

### *गन्तव्य देशको कानून र अभ्यास*

गन्तव्य देशको श्रम कानून अनुसार क्षतिपूर्ति दाबीका लागि जुन कम्पनी भनेर गइएको हो, सोही कम्पनीमा काम गरिरहेको र निजको करार अवधि कायम भएको हुनुपर्दछ । कम्पनीसँग गरिएको सम्झौता बमोजिम काम गर्दागर्दै मृत्यु भएको अवस्थामा क्षतिपूर्ति पाउने व्यवस्था छ । सडक दुर्घटना र कार्यस्थलमा दुर्घटनाबाट हुने मृत्युको क्षतिपूर्तिको फरक-फरक व्यवस्था छ । यो कानून देश तथा कम्पनीले गरेको बिमा अनुसार फरक-फरक भएको हुनाले क्षतिपूर्तिको रकम पनि भिन्नाभिन्नै छ ।

रोजगारदाता कम्पनीले गरिदिएको बिमा बापत आउने रकम, काजक्रियाको लागि दिने सहयोग र बाँकी रहेको पारिश्रमिक पनि उपलब्ध गराउँछ । यो रकम मृतक कामदारको परिवारले निवेदन दिएको आधारमा नेपालको राजदूतावास मार्फत परराष्ट्र मन्त्रालयको

काठमाडौंस्थित कन्सुलर सेवा विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था मिलाएको हुन्छ ।

देश अनुसार क्षतिपूर्ति दाबी गर्न निवेदन दिने प्रक्रिया पनि फरक-फरक हुन्छ । रकम गलत व्यक्तिको हातमा नपरोस् भनी यो प्रक्रिया अलि लामो बनाइएको छ र प्रमाणित गर्ने धेरै प्रकारका कागजात गन्तव्य देशको सम्बन्धित कार्यालयमा पेस गर्नुपर्ने प्रावधान छ ।

रोजगारदाता कम्पनीले कामदारको २४ घण्टे बिमाको व्यवस्था कमै मात्र गरेको पाइन्छ, घरमा रहँदा प्राकृतिक मृत्यु वा आत्महत्या भनेर प्रमाणित भएको अवस्थामा कम्पनीबाट लिन बाँकी तलब बाहेक कुनै पनि क्षतिपूर्ति पाइँदैन ।

## *आर्थिक सहायता वितरणको अवस्था*

२०६४ सालमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड स्थापना भएदेखि २०७५ असोज मसान्तसम्म वैदेशिक रोजगारको क्रममा मृत्यु भएका ६,९२१ जना कामदारका परिवारलाई आर्थिक सहायता रकम रु. १ अर्ब ६७ करोड ८४ लाख ८४ हजार वितरण गरेको देखिन्छ (श्रेष्ठ २०७५ : ११) । आर्थिक वर्ष (आ.व.) २०७४/७५ मा मात्र बोर्डको सचिवालयमा निवेदन पेस गर्ने ८२१ जना मृतक कामदारका परिवारले ४५ करोड ७० लाख आर्थिक सहायता प्राप्त गरेको देखिन्छ । यसरी दिइएको रकममा ५७१ जना परिवारले रु. सात लाखको दरले १८८ जना कामदारका परिवारले रु. तीन लाखका दरले, दुई जना कामदारको परिवारले रु. एक लाख पचास हजारका दरले आर्थिक सहायता प्राप्त गरे । त्यस्तै, विभिन्न कारणले आर्थिक सहायता प्राप्त गर्न योग्य नभएका ६० कामदारका परिवारले सोही नियमावलीको नियम २८ (६) अनुसार रु. दश हजारको दरले रकम पाए ।[५] यसअघि, आ.व. २०७२/७३ मा जम्मा ८१६ जनाको मृत्यु भएको थियो । यसै गरी, आ.व. २०७३/७४ मा जम्मा ७५६ जनाको मृत्यु भएको थियो । यी तथ्यांक अनुसार मृत्युको संख्यामा खासै कमी आएको पाइएको छैन (श्रेष्ठ २०७५ : ११) ।

प्रादेशिक तथ्यांक हेर्दा साउन २०६५ देखि जेठ २०७५ सम्म सबैभन्दा धेरै प्रदेश नं. १ बाट कामदारले श्रम स्वीकृति लिएको देखिन्छ । मृत्यु र अंगभंग हुनेमा पनि प्रदेश नं. १ कै कामदारको संख्या अत्यधिक देखिन्छ । त्यस्तै, श्रम स्वीकृति लिने, मृत्यु र अंगभंग हुनेमा प्रदेश नं. २ दोस्रोमा र प्रदेश नं. ५ तेस्रोमा छन् ।

बोर्डले श्रम स्वीकृति नलिई अवैधानिक रूपमा रोजगारमा गएका र श्रम अवधि नाघेका कामदारको मृत्यु भएमा क्षतिपूर्ति दिँदैन । त्यसरी मृत्यु भएर फर्किने कामदारको एकिन तथ्यांक बोर्डसँग छैन । अवैधानिक रूपमा विदेश पुगेर मृत्युवरण गरेका कामदारका परिवारले सरकारबाट कुनै क्षतिपूर्ति नपाउने भएकाले मृतकको संख्या सात हजारभन्दा निकै हुन सक्छ ।

[५] हेर्नुहोस् www.fepb.gov.np; भदौ १०, २०७५ मा हेरिएको ।

## अध्ययन क्षेत्र र विधि

### *अध्ययन क्षेत्र*

वैदेशिक रोजगारको विश्लेषण गर्दा राष्ट्रिय परिवेश जस्तो छ जिल्लाको परिवेश पनि त्यस्तै भेटिन्छ । विभागको तथ्यांकले आ.व. २०७४/७५ मा नवलपरासी (जिल्ला नटुक्रँदै) वैदेशिक रोजगारमा श्रमिक पठाउने सातौँ जिल्लामा परेको देखाउँछ । यस जिल्लाका ११ हजार ४० जना युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएको देखिन्छ । यहाँका धेरैजसो गाउँका ७० देखि ८० प्रतिशत घरधुरी वैदेशिक रोजगारमा निर्भर छन् (सामी परियोजना २०७३) । धेरै कामदारको मृत्यु हुने र शव भित्रिने जिल्लामा नवलपरासी (जिल्ला नटुक्रँदै) छैटौँ नम्बरमा परेको थियो ।

नवलपरासी सुस्ता बर्दघाट पश्चिममा मात्र फागुन २०७१ देखि असोज २०७५ सम्म सुरक्षित आप्रवासन (सामी) परियोजनाको केश रजिस्टरमा वैदेशिक रोजगारमा हुँदा ७१ जनाको मृत्यु भएको देखिन्छ जसमा ७० जना पुरुष र एक जना महिला थिए । जसमध्ये ६३ जनाले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक सहायता तथा बिमाबाट क्षतिपूर्तिको रकम जम्मा रु. ५ करोड ९१ लाख ९६ हजार ४ सय ७० (जिल्ला प्रशासनको तथ्यांक बाहेक) प्राप्त गरेका छन् । आ.व. २०७४/७५ मा नवलपरासीका २४ जना मृतकका परिवारले बोर्डबाट मात्रै आर्थिक सहायताबाट १ करोड ३६ लाख रकम बुझी लिए भने बिमा रकम दुई गुणा बढी बुझी लिएको अनुमान गर्न सकिन्छ ।[६]

वैदेशिक रोजगारमा जाने सामान्य श्रमिकले चैत्र २०७५ को विनिमय दर अनुसार औसतमा २७ हजार रुपैयाँ मासिकको दरले कमाउँदा दुई वर्षमा पाँदेखि सातलाख रुपैयाँसम्म कमाउन सक्छ । उसको मृत्यु हुँदा परिवारले क्षतिपूर्ति स्वरूप सात देखि २२ लाख रुपैयाँसम्म पाउँछन् । पैसाले कुनै पनि व्यक्तिको जीवनको क्षतिपूर्ति गर्न त सक्दैन तर कसैको मृत्युपछि आएको पैसा परिवारको बाँकी जीवनका लागि राहत हुन सक्छ । त्यही राहतको रकमको बाँडफाँटमा हकवालाहरूबीच द्वन्द्व भयो भने पीडामाथि पीडा थपिने खतरा हुने रहेछ । एकतिर परिवारको जीवन समृद्ध र सुखद् बनाउन वैदेशिक रोजगारमा गएको व्यक्तिको मृत्युले परिवारमा पुऱ्याएको आघात, अर्कोतिर अचानक ठूलो राशीको रकम पाइँदा त्यसले मलम लगाएको छ कि पीडा दिएको छ ? यो अध्ययनको विषय हो ।

आर्थिक सहायता पाउने पैसाको पहिलो हकवाला विधवालाई घर, माइती र समाजले कसरी हेर्छ वा कस्तो व्यहार गर्छ ? पैसा हुँदा वा नहुँदा के कस्ता समस्या उब्जिएका छन्

[६] आर्थिक सहायता दाबी भएका मृतकको संख्या, श्रम अवधि नाघेका, दोस्रो देशको बाटो प्रयोग गरेकाले आर्थिक सहायता दाबी गर्न नपाउने हुँदा मृतकको संख्या २४ भन्दा बढी हुन सक्छ ।

र यसले परिवारमा तथा व्यक्तिको जीवनमा कस्तो असर पारेको हुन सक्छ ? यी विषय समेत अध्ययनमा समेटिएको छ ।

नवलपरासी जिल्लामा पहाडबाट बसाइँसराइ गरेर आएका मिश्रित जातजातिहरूको बसोबास छ । यो जिल्लाको राजमार्ग वरपर ब्राह्मण, क्षत्री, जनजाति, दलित लगायत पहाडी जातजातिको बसाइ छ । हुलाकी मार्ग वरपर भने थारूहरूको र भित्री मधेसमा यादव, केवट, गुप्ता, दलित लगायत जातजातिको बसाइ छ । जनगणना २०६८ अनुसार यो जिल्लामा थारू र मधेसी जातजातिको बाहुल्य रहेको छ । वैदेशिक रोजगारमा जानेमा पनि यिनै जातिको जनसंख्या बढी छ । अध्ययनका लागि मिश्रित जातजातिका परिवारलाई आधार बनाइएको भए तापनि थारू र मधेसी जातजातिको घटना अध्ययन संख्यात्मक रूपमा धेरै छ ।

अध्ययनको लक्षित समूहको रूपमा नवलपरासी बर्दघाट सुस्ता पश्चिममा वैदेशिक रोजगारमा रहेका कामदारको मृत्यु पश्चात् वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट आर्थिक सहायता तथा बिमा रकम प्राप्त गरेका परिवार रहेका छन् । विशेष रूपमा मृतक कामदारका विधवामा पैसा पाएको कारणले परेको व्यक्तिगत, पारिवारिक, सामाजिक र मनोसामाजिक असरबारे अध्ययन केन्द्रित रहेको छ ।

## *अध्ययन विधि*

सामाजिक, आर्थिक, मनोवैज्ञानिक पक्षमा केन्द्रित रही गुणात्मक तथा अन्वेषणात्मक ढाँचाको प्रयोग गरी यो अनुसन्धान सम्पन्न गरिएको छ । अध्ययन गर्ने क्रममा मृत्यु पश्चात्को आर्थिक सहायता बापत पाउने रकमको पहिलो हकवाला मृतकको श्रीमती विधवा हुने हुँदा आर्थिक सहायताको रकम घरभित्र प्रवेश भएपछि परिवारमा सिर्जना हुने द्वन्द्व र द्वन्द्वका कारण पैदा हुने मानसिक तनावबारे, लैंगिक दृष्टिकोणबाट महिलाको परम्परागत तथा बदलिँदो वर्तमान सामाजिक तथा पारिवारिक हैसियतबारे अनुसन्धान गरिएको छ । यो अध्ययन सम्पन्न गर्न वैदेशिक रोजगारसँग सम्बन्धित सन्दर्भ साहित्यको अध्ययन, घटनाको विस्तृत अध्ययन, लक्षित समूहसँग विशेष अन्तर्वार्ता, जानकार व्यक्तिहरूसँग कुराकानी गर्नुका साथै पारिवारिक र सामाजिक परिवेश अवलोकन गरिएको थियो । आर्थिक सहायता पाएका मृतकका श्रीमतीमध्ये ११ जना तथा बाँकी नौ जनाका परिवारका अन्य सदस्यसँग विस्तृत कुराकानी गरिएको थियो ।

अनुसन्धानका लागि मुख्य स्रोतका रूपमा सुरक्षित वैदेशिक रोजगारको लागि काम गर्दै आएको इन्द्रेनी सामाजिक विकास मञ्च अन्तर्गतको सुरक्षित आप्रवासन (सामी) परियोजनाको नवलपरासी सुस्ता बर्दघाट पश्चिममा दर्ता भएको मृत्युको घटना र परिवारलाई प्रदान गरिएको निःशुल्क कानूनी सहजीकरण र आर्थिक सहायता तथा व्यक्तिगत मनोपरामर्श

सेवा र मनोपरामर्शकर्ताहरूले तयार गरेका घटना अध्ययनलाई आधार मानिएको छ । वैदेशिक रोजगारमा मृत्यु भएका कामदारका निवेदन परेका समग्र ७१ ओटा घटनाको अध्ययन गरिएको थियो। तीमध्ये आर्थिक सहायता प्राप्त गरेका २० ओटा घटनाको विशेष अध्ययन अनुसन्धान गरिएको हो । यी घटनालाई नमूनाका रूपमा यहाँ समेटिएको छ ।

## अध्ययनबाट प्राप्त नतिजा

विविधता भएको नेपाली समाजमा फरक-फरक समुदायमा भिन्न सांस्कृतिक पद्धति, मूल्य, मान्यता, सामाजिक व्यवहार, सम्बन्ध र क्रियाकलापबाट परिवार र समाज प्रभावित भएको पाइन्छ। मधेसी परिवेशमा वैदेशिक रोजगारीको मृत्युसँग जोडिएका आर्थिक सन्दर्भमा विशिष्ट सामाजिक तथा सांस्कृतिक सम्बन्ध बुझ्नु नितान्त आवश्यक हुन्छ जुन, आफैमा जटिल छ।

मधेसी समाज आफ्नै रीतिरिवाज, मूल्य मान्यता, संस्कृतिबाट निर्देशित छ । अझै पनि ग्रामीण क्षेत्रमा बुहारीलाई अरू पुरुषको नजरबाट टाढै राख्न घुम्टोमै बसोस्, आर्थिक कुरामा उसले चासो नराखोस् भनी बन्देजमा राखिएको पाइन्छ । यी कुरा महिलालाई सांस्कृतिक मर्यादाका रूपमा बुझाइएको हुन्छ । घरको चौघेराबाट बाहिर हिँडडुल गर्ने, कुराकानी गर्ने, विचार राख्ने, आफ्नो निर्णय आफै गर्ने कुरा सामान्यतया परिवार र समाजलाई स्वीकार्य छैन। यसमा पनि ग्रामीण भेगमा श्रीमान्‌बिना स्वतन्त्र रूपमा श्रीमतीलाई बाहिर हिँडडुलको अनुमति हुँदैन ।

अध्ययन गरिएका २० ओटा घटनामा मृतक युवाहरूको उमेर ३० देखि ३५ भेटिएको छ र उनीहरूका श्रीमतीको उमेर पनि ३५ वर्ष भन्दा कमै छ। यो उमेरमा महिलाको हकमा एकल भएर जिउनु निकै कठिन हुन्छ। छोराछोरीको दायित्व र घरव्यवहार सम्हाल्दा, कसैको सहयोग लिँदा लाञ्छना र शंकाको शिकार हुँदा महिलाको जीवन कष्टपूर्ण हुन्छ। छोराको मृत्युले बुबाआमालाई पनि आघात परेको हुन्छ तर श्रीमतीको तुलनामा बुबाआमामा पर्ने आघातको अवधि कम रहेको पाइयो। २० ओटै घटनामा मृतकका श्रीमतीहरूमा आघातको असर दीर्घकालीन देखिन्छ । सबैमा कामदारको मृत्युले परिवारको सदस्यमा मानसिक तनाव रहेछ, तर लाञ्छना, आरोप र शंका गरिएकाले बुहारीहरूमा मानसिक तनाव अरू सदस्यहरूको तुलनामा लामो समय रहेको पाइयो ।

२० ओटा घटनामध्ये तीन ओटामा परिवारमा मेलमिलाप थियो भने बाँकी १७ ओटामा द्वन्द्व, रिस, मनमुटाव, लाञ्छना र दुर्व्यवहार थियो । अधिकांश घरमा आर्थिक सहायताको पैसा मनमुटाव र झगडाको बीउ पनि भएको रहेछ। विवादको केन्द्र आर्थिक सहायताको रकम कसको स्वामित्वमा रहने भन्ने रहेछ । परिवारमा पैसा वा सम्पत्तिको मालिक महिला हुनु हुँदैन भन्ने भावना राखेको पाइयो । पैसा विधवा बुहारीको नाममा हुँदा परिवारमा उसको प्रभाव बढ्ने कुरा परिवारका अन्य सदस्यका लागि चिन्ताको विषय

बनेको पाइयो । आर्थिक सहायताको रकम मृतकको श्रीमतीकै नाममा आउँदा पुख्र्यौली सम्पत्तिको अंशबण्डामा समेत विवाद भएको पाइयो ।

मेलमिलाप भएका तीन ओटै परिवारमा सासू-ससुरा, देवर, जेठाजु, नन्द, आमाजू, माइती सबैको राम्रो सहयोग रहेको पाइयो । ससुरा तथा अन्य पुरुष सदस्य जागिरे, आत्मनिर्भर, जग्गाजमिन भएको र एक मात्र छोरा भएको वा पहिले अंशबण्डा भएको परिवारमा मनमुटाव छैन । यस्ता परिवारमा बुहारीलाई घरव्यवहार चलाउन सघाएको पाइयो । सोनमती केवट (परिवर्तित नाम) को सन्दर्भमा मात्रै कुनै समस्या नरहेको पाइयो ।

परिवारका सदस्यहरू र बुहारीबीच मेलमिलाप भएको; परिवार र माइती बीचको सम्बन्ध राम्रो भएको; आर्थिक सहायताको पैसाको आफैले घर सल्लाहमा उपयोग गरेको; परिवार, माइती र उनीबीच सहयोग, विश्वास र सम्मानको सम्बन्ध रहेको पाइयो । समाजले मृतकको श्रीमतीलाई सम्मान पूर्वक व्यवहार गरेको अवस्थामा महिलाको सामाजिक हैसियत पनि सम्मानित रहेको पाइयो । संयुक्त परिवारमा श्रीमान् गुमाएका महिलाहरू छोराछोरी र आफ्नो लागि चाहिने साबुन, सर्फ, स्याम्पू, लुगा कपडामा लाग्ने सामान्य खर्चका निम्ति पनि परिवारका सदस्यसँग निर्भर रहेको पाइयो । २० घटनामध्ये चार ओटामा बुहारीहरू सामान्य खर्चका लागि पनि परिवारमा पूर्णतः निर्भर थिए । चारमध्ये दुई ओटा घटनामा आर्थिक सहायता रकमको चेक ससुरालाई बुझाएकाले र दुई ओटा घटनामा पैसा बैंक र जग्गामा लगाएकाले पनि उनीहरू परिवारप्रति आश्रित रहेको भेटियो । विधवाहरूको आत्मबल कमजोर हुँदा र आघातको अवधि लामो हुने हुँदा परनिर्भरता बढेको पाइयो । यस्ता महिलाहरूले जिल्लादेखि कहिल्यै बाहिर हिँडडुल नगरेको तर बेहोसीकै अवस्थामा पहिलो पटक श्रीमान्को मृत्युको क्षतिपूर्तिको रकम लिन काठमाडौँ जानु पर्दा निकै पीडा भएको बताए ।

आघातमा रहेका श्रीमतीहरूमा आर्थिक सहायता र बिमाको क्षतिपूर्ति रकम पाएपछि मनस्थिति र व्यवहारमा फेरबदल आएको देखिन्छ । उनीहरूले बालबच्चाको भविष्यको लागि योजना बनाउने र पीडा भुलेर दृष्टिकोणमा परिवर्तन ल्याउने गरेको पाइयो । नियमित व्यक्तिगत मनोपरामर्शले पीडितमा सकारात्मक सोचको विकास गरेको पाइयो । समग्र घटनामा मृतक कामदारका छोराछोरीले पैसाको धेरै माग गरेको वा खर्च गरेको पाइएन । तर आफ्ना छोराछोरी अरूका छोराछोरीभन्दा पछाडि नपरून् र बुबाको अनुपस्थिति महसुस नगरून् भन्ने सोचाइले गर्दा आमाहरूले छोराछोरीका लागि कपडा, पढाइमा खर्च गर्ने गरेका छन् ।

अधिकांश घटनामा छोराछोरीको बिमा गरिदिने, उनीहरूको शिक्षामा, औषधी उपचार गर्नमा पैसा प्रयोग गरिएको छ । पैसा बैंकमा राखिएको र ब्याजमा लगाएको पनि पाइन्छ जसबाट आएको ब्याजले घर खर्च चलाएको देखिन्छ । ११ जनाले घर बनाउने, खेत

किन्ने, घडेरी किन्ने, कुखुरा बाख्रा पाल्ने, पसल खोल्ने काममा लगानी गरी पैसाको व्यवस्थापन गरेका छन् ।

अध्ययन गरिएका नौ ओटा घटनामा श्रीमान्को मृत्यु र पैसाको कारण परिवारले एक्ल्याएको र कुनै पनि समस्यामा सहयोग नगरेको अवस्थामा महिलाको कार्यबोझ बढेको रहेछ । उनीहरू घर, खेतीपाती, बालबच्चा, पशुचौपायाको जिम्मेवारीदेखि बाहिरी व्यवहार, ज्यालामजदुरीमा पनि संलग्न छन् । यस्तो अवस्थामा सबै काम सम्पन्न गर्न आफैले निर्णय लिने मामिलामा एकदम आत्तिने र आफूलाई असहाय महसुस गरेको उनीहरूले बताए ।

यसै गरी १२ जनाको सम्बन्धमा पैसाको कारण घरभित्र र बाहिरका सदस्यबाट विधवाहरूले आफू र छोराछोरी माथिको असुरक्षा र जोखिम महसुस गरेका छन् । यसरी सम्बन्ध बिग्रँदा उनीहरूले आफूलाई असुरक्षित ठानेको पाइन्छ । गीता, सानुमाया लगायत १३ जनाको परिवारको सदस्यसँग र तीन जनाको माइतीसँग सम्बन्ध बिग्रेको छ । तर पुनम र शोबाको सन्दर्भमा परिवारसँग सम्बन्ध बिग्रने डरले वादविवाद नगर्ने गरेको पनि पाइयो । शव ल्याउने, किरिया संस्कार सम्पन्न गर्न सहयोग गर्ने व्यक्तिले पैसा सापटी वा ऋण माग्ने र उनीहरूलाई सापटी दिने काम पनि भएको छ । आफन्त र छिमेकीले सापटी माग्ने गरेको र पैसा नफर्काएको अवस्थामा मनमुटाव भएका दश ओटा घटना जानकारीमा आएको छ । त्यसैले आफन्त र घरपरिवारभन्दा बाहिरको मानिससँग पैसाको कारोवार गर्न सहज मानेको पाइन्छ । घरपरिवारसँग आर्थिक कारोबार गर्दा पैसा नफर्काउने जोखिम भएकोले बाहिरका मान्छेसँग पैसा फिर्ताको निश्चितताका लागि धितो लिने र कागज बनाउन सजिलो हुने हुँदा सुरक्षित महसुस गरेको पाइन्छ ।

"पैसा भएको मान्छेलाई किन सहयोग गर्ने आफै सबै गरिहाल्छ नि" भनी आफन्त र परिवारजनमध्ये कसैले सहयोग नगरेका घटना पनि भेटिएका छन् । यस्ता घटनामा पैसाबारे एउटा दृष्टिकोण बनाई व्यक्तिको समस्यालाई बेवास्ता गर्दै उसको भावनाको कदर नगरिकन परिवार र समाजले एक्ल्याएको पाइन्छ । यसकारण पनि परिवारमा एक प्रकारको द्वन्द्व बढेको र चौतर्फी रूपमा मृतकका श्रीमतीहरू पीडित रहेको पाइयो ।

## आर्थिक कारणले परिवारमा देखिएको सामाजिक र मानसिक असर

### *परनिर्भरता*

परिवारभित्र अन्तर-सदस्य परनिर्भरता रहेको पाइन्छ । विशेष गरी पुरुषमाथि महिला निर्भर रहेका छन् जुन असमान शक्ति सम्बन्धको कारण सिर्जना भएको हुन्छ । एउटा सदस्य अर्को सदस्यको अधीनमा रहेको हुन्छ । परिवारमा यो मनोवैज्ञानिक रूपमा पनि स्वीकार्य हुन्छ । यस्तो परनिर्भर मनोविज्ञान बिस्तारै मनोसामाजिक समस्याको रूपमा विकास भएको छ ।

मानसिक रोग विज्ञ ग्रेगोरी जान्टज्का अनुसार महिलाको प्रसंगमा दैनिक रूपमा लिनुपर्ने निर्णय अरूको सल्लाहबिना लिन कठिनाइ हुनु, आफ्नो जिम्मेवारी सबै अरूले लिइदिऊन् भन्ने लाग्नु, डरको कारण अरूको कुरामा असहमति प्रकट गर्न कठिनाइ हुनु, कुनै काम शुरूआत गर्न सक्छु कि सक्दिनँ भन्ने सोचाइमा संघर्ष गरिरहने हुनु, जुनसुकै काममा पनि अरूको अनुमति र सहयोगको बढी चाहना राख्नु यसका मनोवैज्ञानिक लक्षण हुन् ।[७] यो अध्ययनमा परनिर्भरताका कारण महिलाको प्रसंगमा देखिएका समस्याहरू समेट्ने प्रयास गरिएको छ ।

मधेसको समाजमा सबै बाहिरी काम प्रायः पुरुषले नै गर्छन्, महिलालाई बाहिर हिँडडुल गर्ने कुरामा बन्देज नै लगाइएको हुन्छ । महिलालाई माइती र घरमा कडा अनुशासनमा राखिएको हुन्छ । यसकारण पनि दैनिक गरिने घर व्यवस्थापनको काम बाहेक आर्थिक व्यवस्थापनको काम गर्ने र निर्णय लिने, मलखाद, बिउ-अन्न किनबेच, व्यापार-व्यवसाय पुरुषकै जिम्मेवारी भित्र आउँछ; यस्ता काममा महिलाको सहभागिता कमै पाइन्छ । यसले गर्दा पनि सानोभन्दा सानो कुरामा महिलाहरू परिवारका अन्य सदस्यसँग, विशेष गरी पुरुष सदस्यसँग निर्भर रहन्छन् ।

मृतकका श्रीमतीहरूको अनुभवमा श्रीमान् जिउँदै रहँदा पनि सानोभन्दा सानो कुरामा श्रीमान्को निर्णयमा, नभए ससुरा, जेठाजु, देवर लगायतको निर्णयमा परिवार चलेको पाइयो । श्रीमान्को मृत्युपछि पनि संयुक्त परिवारमा उनीहरू ससुरा, जेठाजु, सासूको निर्णय र सहयोगमा निर्भर छन् । परिवारबाट अलग भएर बसेका महिलाहरू माइतीका सदस्यप्रति निर्भर छन् । यो परनिर्भरता श्रीमान्को शव ल्याउन, आवश्यक कागजात तयार गर्न, आर्थिक सहायता र बिमाको क्षतिपूर्तिको रकम लिन र पैसा व्यवस्थापन गर्न, छोराछोरी पढाउन र विवाह गरिदिन, घर बनाउन, खेतीकिसानी गर्न, व्यवसाय शुरूआत गर्न, ऋण लेनदेन गर्न, दैनिक सामान्य खर्च गर्नमा रहेको छ ।

## *सामान्य खर्चका लागि परनिर्भरता*

विशेष गरी संयुक्त परिवारमा बस्ने महिलाहरू, श्रीमान्को मृत्यु हुनुअघि र पछि पनि सामान्य खर्चका लागि पनि परिवारका सदस्यसँग निर्भर छन् । आफू सक्षम भए पनि उनीहरूमा आफ्नो र बालबच्चाको रेखदेख र दैनिक काममा परिवारका अन्य सदस्यले सहयोग गरिदिए हुन्थ्यो भन्ने अपेक्षा राख्ने, उनीहरूको साथबिना केही गर्न सकिँदैन भन्ने बुझाइ रहेको छ । यो परनिर्भरता विशेष गरी आर्थिक पक्ष र पारिवारिक व्यवस्थापनसँग जोडिएको हुन्छ ।

[७] हेर्नुहोस्, https://www.psychologytoday.com/intl/blog/hope-relationships/201601/9-things-dependent-people-will-do; पुस १६, २०७६ मा हेरिएको ।

रामग्राम-४ कि हरिमति यादव (परिवर्तित नाम) ले श्रीमान्को मृत्युपछि आर्थिक सहायता र बिमाबाट आएको ११ लाख रुपैयाँ मुद्दती खातामा राखेकी छिन् । उनको मनमा पनि अरूले आफ्नो सबै जिम्मेवारी लिइदिऊन् भन्ने अपेक्षा रहेछ । उनी भन्छिन्, “सबैको लुगा धुन बस्यो भने सर्फ साबुन दिन्छन् तर आफ्नो मात्र नुहाई धुवाई गर्न आफैले छुट्टै किन्नुपर्छ । छोराछोरीको स्कूल ड्रेस फाटेको छ तर कपडा किन्न पैसा नभएर सिलाइदिन पनि पाएको छैन ।” श्रीमान् जिउँदो हुँदा सानो काममा पनि परिवारको सहयोग रहनेमा मृत्युपछि सहयोग नपाएको उनको गुनासो छ । उनको कान्छो देवर विदेशबाट आएपछि दोस्रो विवाह गर्ने र भागबण्डा गर्ने कुरा भइरहेकोले छोराछोरी लिएर अलग्गै बस्ने कुराले उनको मनमा डर पैदा गरेको छ (हेर्नुहोस्, अनुसूची) ।

पर्सावालकी परमिला चौधरी (परिवर्तित नाम) की एउटी छोरी छन् । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट मृतकका छोराछोरीले पाउने छात्रवृत्तिको लागि शिक्षा कार्यालयमा निवेदन बुझाउन परासी जान उनलाई ससुराले सय रुपैयाँ गाडी भाडा दिएपछि सासूले रातदिन झगडा गर्दै यातना दिन थालिन् । त्यो पैसा सासूलाई फर्काएर उनी भाइसँगै परासी सूचना केन्द्र र शिक्षा कार्यालयसम्म गइन् ।

यी घटनाले संयुक्त परिवारमा सामान्य खर्चको लागि पनि परिवारसँग निर्भर रहनुपर्ने भएकाले बुहारीहरूमा मानसिक तनाव रहने गरेको पाइन्छ । यी दुवै महिला आफूसँग लुगा सिलाउने सीप रहेको तर परिवारको अनुमति नपाएर बाहिर निस्कन र काम गर्न नपाएको बताउँछन् । परिवारको असहयोगी वातावरण र अनुमतिबिना बाहिर निस्कने महिला राम्रो हुँदैनन् भन्ने सामाजिक सोचाइको कारण सीप हुँदाहुँदै पनि आत्मबल कमजोर भएकोले र पैसाको व्यवस्थापन गर्न नजानेर पनि पूर्ण रूपमा परिवारमा निर्भर रहेको पाइयो ।

महिलामा कसरी परनिर्भर मनस्थिति सिर्जना भएको हुन्छ भन्ने प्रश्नमा नवलपरासीमा संचालित सामी परियोजना अन्तर्गत मनोसामाजिक परामर्श कार्यमा सुपरिवेक्षण गर्दै आएकी मनोविद् स्मृति घिमिरेका अनुसार छोरीलाई सानैदेखि तिमी कमजोर छौ भन्ने महसुस गराइएको हुन्छ र त्यस्तो सामाजिकीकरणले गर्दा यो कुरा बढी महिलामा लागू हुन्छ ।[८]

## *पैसाको व्यवस्थापनमा समस्या*

मृत्युको क्षतिपूर्ति पैसा हुन सक्दैन । तर मृत्युको क्षतिपूर्ति बापत आउने पैसाको सही व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । मृतकको परिवारले पाउने आर्थिक सहायताको रकमले जीविकोपार्जन गर्न र भविष्यको योजना बनाउन केही सहज बनाउँछ । वैदेशिक रोजगारमा जान ४६.५ प्रतिशत कामदारले ऋण लिने गरेका छन् (सिजापति र अरू सन् २०१७ : १३) । उनीहरूले पठाउने रेमिटेन्सको ७ प्रतिशत ऋण तिर्न प्रयोग हुन्छन् । रेमिटेन्सको पैसा

[८] घिमिरेसँग सुपरिवेक्षणको क्रममा रामग्राममा मंसिर २१, २०७५ मा गरिको कुराकानी ।

व्यवस्थापन गर्ने योजना अनुसार घरजग्गाको खरिद गर्ने र परिवार विरामी भई उपचार गर्ने क्रममा पनि ऋण लिइएको हुन्छ । ऋण चुक्ता नहुँदै कामदारको मृत्यु भएको अवस्थामा ऋण तिर्न आर्थिक सहायता र बिमा बापतको रकम प्रयोग गरिएको पाइन्छ ।

मृतकका श्रीमतीहरूका अनुसार पहिले महिना बिराएर घरमा पैसा आउने गरेको र त्यो पैसा घरखर्च, खानपिन, छोराछोरीको पढाइ, औषधी उपचार, हाटमा खर्च हुन्थ्यो । तर आर्थिक सहायता र बिमा बापत एकमुस्ट धेरै पैसा आउँदा कसरी पैसाको सदुपयोग वा व्यवस्थापन गर्ने कुरामा निर्णय लिन नसक्दा अरूको भर पर्नुपरेको उनीहरूको भनाइ छ । दुई ओटा बाहेक सबै घटनामा उनीहरूले पैसाको व्यवस्थापन राम्ररी गरेका छन् । उनीहरूले छोराछोरी र आफ्नो नाममा बैंकमा वचत तथा बिमा गर्ने, जग्गा किन्ने, ब्याजमा पैसा लगाउने काम पनि गरेका छन् । यी सबै काम गर्दा उनीहरू मानसिक तनावबाट गुज्रिएका थिए ।

बडेसारकी सोनमतीले क्षतिपूर्ति रकम २१ लाख रुपैयाँको व्यवस्थापन राम्ररी गरेकी छिन् । उनले तीन जना छोराछोरीको नाममा एक लाख ८० हजारको दरले मुद्दतीमा राखेकी छिन् । पाँच लाख रुपैयाँ पाँच रुपैयाँ ब्याजमा चार कठ्ठा खेत हुन्डामा तमसुक बनाइदिएकी छिन् । त्यसबाट महिनाको २५ हजार रुपैयाँ ब्याज मात्र आउने र घरखर्च राम्रोसँग चलेको कुरा पनि उनले बताइन् । गाउँको समूहमा रु. छ सय वचत गर्ने गरेको समेत बताउँदै उनी भन्छिन्, "यी सबै काम मेरो बुद्धिले भ्याएसम्म गरेको छु तर श्रीमान्सँगै भइदिएको भए धेरै सजिलो हुन्थ्यो भन्ने सधैँ लागिरहन्छ ।"

श्रीमान्को मृत्यु हुँदा सोनमती १–२ महिनासम्म बेहोसीको हालतमा रहेकी थिइन् । उनी अहिले सासू-ससुरासँग सल्लाह लिएर काम गर्छिन् । उनको परिवारमा राम्रो मेलमिलाप, सरसहयोग र मायाप्रेम छ । "हामी बुढाबुढीसँग कान्छो छोरा छ । घरमा पाकेको मिठो नमिठो बाँडेर खान्छौँ । बुहारीले घरसल्लाहमै यो ६ धुर जग्गा लिएको छ, दुई ओटा नातिलाई दुई ओटा घडेरी भइहाल्यो ।" आँगन जोडिएको जग्गा देखाउँदै सोनमतीका ससुराले बताए ।

"बाठो मान्छेले फाइदा लिन गलत सल्लाह दिने क्रममा ब्याजमा पैसा लगानी गर्न र सस्तो जग्गालाई पनि महँगो भाउमा किन्न लगाउने गर्छन्", सोनमती केवटको घटना हेरिरहेका सामी परियोजनाका रमेश चौहान बताउँछन् । समयमै सही परामर्श पाइएकोले सोनमती ठगिनबाट बचेको र पैसाको सही व्यवस्थापन गरेको समेत उनको जिकिर छ । उनका छिमेकीले सोनमतीले पैसा, परिवार र बाहिरी काम एकदमै राम्ररी व्यवस्थापन गरेको भनी प्रशंसा गरेका छन् ।

पैसा व्यवस्थापनको ज्ञान कम हुँदा र परनिर्भर हुँदा पैसा हिनामिना भएका घटना पनि छन् । पैसाको व्यवस्थापन गर्न र छोराछोरीको सुरक्षित भविष्यका लागि योजना बनाउन धेरैजसो एकल महिलाहरू परिवारको साथ सहयोगप्रति निर्भर हुन्छन् । सोनमतीका घटनामा बाहेक बाँकी १९ ओटा घटनामा पैसाकै कारण गुनासो र विवाद रहेको पाइन्छ । आर्थिक

अभावबीच बाँचिरहेको परिवारमा ससुरा, सासू, जेठाजु, देवर लगायत धेरैजनाले एकैपटक त्यो रकममाथि दाबी गर्दा महिलाहरू द्विविधामा पर्ने गरेका छन् । परिवार सदस्यहरूको माग पूरा गर्ने वा नगर्ने भन्ने द्विविधाको अवस्थामा रहने बुहारीले सही निर्णय लिन नसक्ने परिस्थिति सिर्जना हुँदा परिवारभित्र मनमुटाव पैदा हुन्छ र उनीहरू एक्लो पर्ने गर्छन् । आघात र द्विविधाको अवस्थामा माया र सहयोगको आवश्यकता पर्ने हुनाले गलत मान्छेले सहानुभूति देखाइ फाइदा उठाउने गरेको पनि पाइन्छ । यसबारे अर्को खण्डमा चर्चा गरिन्छ ।

## आर्थिक सहायतामा भाग माग्ने र सम्पत्ति भागबण्डा सम्बन्धी विवाद

### *आर्थिक सहायतामा भाग माग्ने*

परापूर्व कालदेखि सम्पत्ति तथा अन्य आर्थिक स्रोत साधनमाथि पुरुषको नियन्त्रण रहेको छ । साधारणतया सम्पत्तिको स्वामित्व एक पुरुषबाट अर्को पुरुषमा हस्तान्तरण हुन्छ । नेपाली समाजमा पनि सम्पत्तिको उत्तराधिकारी छोरालाई नै मानिन्छ । मधेसमा पनि छोरालाई विशेष महत्त्व दिइन्छ । छोरीहरूलाई विवाहमा दाइजोमा जग्गा, जमिन दिने वा सम्पत्तिको उत्तराधिकारी बनाउने चलन छैन । यद्यपि, नेपालको संविधान २०७२ को धारा १८ समानताको हक अन्तर्गत उपधारा ५ मा पैतृक सम्पत्तिमा लैंगिक भेदभावबिना सबै सन्तानको समान हक हुनेछ भनी सम्पत्तिमा छोरीको अधिकारलाई पनि सुनिश्चित गरिएको छ । पतिको सम्पत्तिमा पत्नीको समान अधिकार पनि स्थापित गरिएको छ । कानूनमा विधवाले जुनसुकै बेला पतिको अंशमा दाबी गर्न र जहिलेसुकै अंश लिई भिन्न हुन सक्ने व्यवस्था पनि गरिएको छ ।

नेपालको कानूनले सगोलको सम्पत्ति र निजी सम्पत्तिको हकमा फरक-फरक व्यवस्था गरेको छ । मुलुकी देवानी ऐन अन्तर्गत अंशबण्डा सम्बन्धी व्यवस्थामा सगोलको सम्पत्ति (पुर्ख्यौलीबाट प्राप्त) मा पति पत्नी, बुबाआमा, छोराछोरी सबै जना अंशियार मानिने र अंशको समान हकदार हुने व्यवस्था छ । निजी सम्पत्तिमा भने कसैको पनि हक नलाग्ने र आफूखुशी गर्न पाउने भन्ने व्यवस्था छ । तर श्रीमान्को मृत्यु पश्चात् श्रीमतीले बोर्डबाट पाउने श्रीमान्को नामको आर्थिक सहायता र बिमा बापतको रकम निजी हुने कि नहुने भन्नेमा अस्पष्टता छ । यद्यपि, वैदेशिक रोजगार नियमावलीले आर्थिक सहायता पाउने नजिकको हकवाला श्रीमती र छोराछोरी भनी व्यवस्था गरेको छ ।

परिवार अलग नभइसकेको अवस्थामा आर्जन गरेको आयले जोरेको सम्पत्ति पनि परिवार अलगिएको अवस्थामा समेत सगोलकै सम्पत्ति मानी बराबर अंशबण्डा लगाइएको पाइन्छ । मधेसमा सगोलमा हुँदा धेरैजसो बुबा वा दाइलाई पैसा पठाएको पाइन्छ भने अलग बसिसकेको अवस्थामा श्रीमतीलाई नै पैसा पठाउने गरिएको छ । यसरी बुबा वा दाइले

पाइरहेको पैसा भाइ मरेपछि अचानक बुहारीले पाउन थाल्दा असहज अवस्था सिर्जना हुन्छ । अलग बसेको अवस्थामा रेमिटेन्सजस्तै आर्थिक सहायताको र क्षतिपूर्तिको रकम पनि बुहारीले नै पाउने अवस्थामा श्रीमान्का बुबाआमा र दाजुभाइले समेत हिस्सेदारी खोज्ने गरेको पाइन्छ । मृतकका बुबाआमा र दाजुभाइ भएको अवस्थामा सगोलकै सम्पत्ति मानी आर्थिक सहायताको रकममाथि दाबी गरिएको छ ।

देवगाउँकी मीनाका श्रीमान्ले युएईमा आत्महत्या गरेका थिए । श्रीमान्को मृत्युपछि उनी तीन छोराछोरी र आर्थिक सहायताको रकम लिएर माइत बस्दै आएकी छन् । उनका जेठाजुको दाबी छ, "बिरामी बुबाआमा पाल्ने, बहिनीहरूको विवाह गर्ने, ऋण व्यवहार मिलाउने, घर चलाउने सबै जिम्मेवारी मेरो टाउकोमा आयो । अहिले अप्ठ्यारो पर्दा पैसा त काम लाग्नुपर्‍यो नि !"

त्यस्तै, दाउन्नेदेवीकी निरुमाया ठकुरीका सासू-ससुराले उनलाई पराईका रूपमा लिएको पाइयो । उनी एकै घरमा अलग कोठामा भान्सा गरी बस्छिन् । बुहारीले आर्थिक सहायताको रकम लिने आशंका गरेर सासू-ससुराले शवसँग आएका सबै कागजपत्र लुकाइदिएका थिए । समाज बसेर कुरा गरेपछि मात्र उनले कागजात पाएकी थिइन् । ऋण तिर्न, ससुरालाई दिन र घडेरी किन्नमा पैसा प्रयोग गरेको उनी बताउँछिन् । उनी भन्छिन्, "छोरा जीवित हुँदा पनि सबै पैसा उसैलाई पठाउँथ्यो, मरेपछि पनि सबै पैसा उसैले पाउने, चलाउने भनी सासूले जोसँग पनि भन्नुहुन्छ । यस्ता कुरा अरूले सुनाउँदा मानसिक तनाव बढेको छ ।"

यस्तै गरी साउदी अरबमा भएको दुर्घटनामा श्रीमान्को मृत्यु पश्चात् पाइएको आठ लाख रुपैयाँले पर्सावालकी परमिला चौधरीले आफ्नो र छोरीको नाममा मावली गाउँमा घडेरी किनेकी थिइन् । त्यसपछि विदेशबाट पाउने बिमाको रकम बुहारीलाई नदिने भन्दै जेठाजुले दराज खोलेर सबै कागजपत्र लगेको उनी बताउँछिन् । काजक्रिया सकेर क्षतिपूर्ति बुझी घर फर्कंदा उनलाई घरको पुरुष सदस्यले किरिया खर्च, शव झिकाउन, काठमाडौँ जाँदाआउँदा लागेको आदि खर्च देखाए । उनका श्रीमान्लाई विदेश पठाउन वा विदेश रहँदाकै अवस्थामा घर खर्च चलाउन, परिवारको औषधी उपचार गर्न लागेको ऋण तिर्न भनी पैसा मागे । मागे जति पैसा नदिंदा श्रीमान्का दाजुभाइसँग बोलचाल नै बन्द हुने र उनीहरूले बुबाआमालाई समेत बुहारीको विपक्षी बनाउँदै शत्रुवत् व्यवहार गर्ने गरेको गुनासो सुनिन्छ । अध्ययन गरिएका नौ ओटा परिवारमा यस्तो समस्या पाइएको छ ।

गीता खवास र परमिला चौधरीका सासू-ससुराले जेठो छोरालाई साथ दिई विधवा बुहारीलाई र नातिनीहरूलाई बेवास्ता गरी बोलचाल बन्द गर्नुको कारण पनि भिन्न छैन । गीताका जेठाजु घर नामसारी गर्न र अंश दिन आवश्यक नरहेको अडानमा छन् । परमिलाका जेठाजुले परमिलाकी छोरीको बैंकका कागजात समेत लगेको र सासू-ससुराले मौन समर्थन

जनाएको पाइयो । पहिले माया गर्ने सासू-ससुराले जेठाजु र जेठानीको पक्षमा लिई नातिनी र आफूलाई पटक्कै माया नगरेको दाबी गीता र अरुणाको छ ।

मृतकको पहिलो हकवाला भएकै कारण श्रीमतीकै नाममा आर्थिक सहायताको रकमको चेक बन्छ । चेक बनेपछि परिवारमा विग्रह आउन थाल्छ । दाहसंस्कार गर्दासम्म मिलेका परिवार पनि आर्थिक सहायतामा हानाथापले गर्दा विचलित हुँदै द्वन्द्वमा फसेको पाइन्छ । आर्थिक सहायताको रकमलाई सगोलकै सम्पत्तिको रूपमा बुझ्ने र सबैले दाबी गर्ने चलनकै कारण परिवारमा द्वन्द्व भएको देखिन्छ । कतिपय अवस्थामा परिवारमा भित्रभित्र मनमुटाव मात्र हुन्छ र कतिपय अवस्थामा मनमुटाव द्वन्द्वकै रूपमा सतहमा देखिन्छ र अड्डा अदालतसम्म पनि पुग्छ ।

### *सम्पत्ति भागबण्डा सम्बन्धी विवाद*

सुनवल, जर्घाकी शिल्पा चौधरीको विवाह भएको डेढ वर्षमै वैदेशिक रोजगारका क्रममा श्रीमान्को मृत्यु भयो । आर्थिक सहायता तथा बिमाको रकम उनको नाममा आएपछि घरमा मनमुटाव हुन शुरू थाल्यो । उनी पीडा पोख्छिन्, "घरमा पैसाबारे सधैँ किचलो हुन्थ्यो । सासू-ससुरा र जेठाजुको व्यवहार एकदम असहज लाग्थ्यो । मलाई माया गर्ने को नै छ र जस्तो लाग्थ्यो । त्यसपछि डेढ वर्षकी छोरी सहित माइतीघर बस्न थालेँ ।"

पछिल्लो समयमा परिवारमा सरसल्लाह नै नगरी ससुरा र जेठाजुले खेत बेच्न लागेको कुरा थाहा पाएपछि उनले मृत श्रीमान्को तर्फबाट छोरीले पाउने अंशबारे सोधखोज गरिन् । सबै पैसा लिएर गएपछि किन अंश चाहियो भनी जेठाजुले झगडा गर्न थालेकाले छोरीको अंशमा गडबड हुने ठानेर शिल्पाले कानूनी बाटो अपनाउने कुरा गरिन् । त्यसपछि मात्रै मालपोतमा सबै परिवारका सदस्य जम्मा भएर उनकी छोरीको नाममा अंश दिइयो । "छोरीको शिक्षादीक्षामा पैसा खर्च गर्ने र छोरीको नाममा भएको सम्पत्तिको उसको बिहे नहुँदासम्म संरक्षक रहने कागज बनाएकी छु," शिल्पाले बताइन् ।

बुहारीले आर्थिक सहायताको रकम लिएपछि दोस्रो विवाह गरेका एकाध घटनालाई नजीर बनाउँदै परिवारजनमा शंका र डर फैलिएको पनि पाइन्छ । पैसा र सम्पत्ति विधवा बुहारीकै नाममा भयो भने अर्को पुरुषसँग बिहे गरी सबै सम्पत्ति हत्याउन सक्छे भन्ने आशंका देखिन्छ । त्यस्तै, मृतकका छोरीहरू मात्रै भएको अवस्थामा अंश सम्बन्धी विवाद भएको र अंशै दिन नचाहने गरेको पनि पाइन्छ । छोरीहरू विवाहपछि अर्काको घर जाने आशंका गरी सम्पत्ति दिन नचाहेको बुझिन्छ । सुनवल नगरपालिकाका शिल्पासँगै गीता खवास, परमिला चौधरी र तारा चौधरीकाका तीन-तीन जना छोरी मात्र छन् । उनीहरूले आफ्ना छोरीहरू मात्रै भएकाले सासू-ससुरा जेठाजुले अंश दिने कुरामा पक्षपात गर्न खोजेको बताए ।

सुनवल जर्घाकी गीता खवासका ससुराका तीन भाइ छोरामध्ये माइला र कान्छा दुवैको वैदशिक रोजगारकै क्रममा मृत्यु भएको थियो । माइला छोराकी श्रीमती गीताका तीन छोरी मात्र छन् भने कान्छा छोराका पनि एक छोरी छन् । कान्छी बुहारी शिल्पाले कानूनी बाटो अपनाएर सम्पत्तिमाथि छोरीको अधिकार सुरक्षित गरिन् । त्यही घरकी गीताले सम्पत्तिमा अधिकार पाउन सकेकी छैनन् । उनी दुखेसो पोख्छिन्, "मैले दु:ख सहेर गराएको [बनाएको] घर नामसारी गर्दिनू भनी पटक-पटक ससुरालाई भन्दा पछि गर्छु भन्नुहुन्थ्यो, अहिले त बोल्नु पनि हुन्न । बिमाबाट बुझेको पैसा मैले नै प्रयोग गरेकोले जेठाजु म र मेरा छोरीहरूसँग बोल्नुहुन्न । पहिले सासू-ससुराले माया गर्नुहुन्थ्यो अहिले माया गर्नुहुन्न ।"

श्रीमान् जिउँदो हुँदा नै गीता अलग बस्दै आए पनि अंशबण्डा भएको थिएन । डेढ वर्षकी सानी छोरीलाई हेर्दै उनी भन्छिन्, "मेरा छोरीहरू मात्रै भएकाले पनि सम्पत्ति किन दिने भनेर मेरो नाममा दिन नखोज्नु भएको होला, जेठो छोरा र बुहारीले जसो भन्छन् उहाँहरू त्यस्तै गरिराख्नु भएको छ ।"

सम्पत्तिको द्वन्द्वको क्रममा परिवारले घरबाट निष्कासन गर्ने प्रयास गरिएको पाइएन तर मानसिक यातना दिएको भने पाइयो । पैसा भएको विधवा बुहारीलाई साथ दियो भने अन्य सन्तानले साथ नदिने र बुहारीले पनि अर्को बिहे गर्ने जोखिम अनुमान गरेर पनि होला, सासू-ससुराले बुहारीको साथ नदिएको जिकिर छ आप्रवासी कामदारको अधिकारको लागि काम गर्दै आएका रामु भुसालको ।[९] अन्य सन्तानको कुरामा समर्थन जनाइनुका पछाडि भविष्यमा अरू छोराले पनि हेर्दैनन् कि भन्ने असुरक्षा भाव सासू-ससुरामा रहेको देखिन्छ । बुहारीले पैसा पाएको, पैसाको हिस्सा नलगाएको अवस्थामा बुहारीको पक्ष लिँदा अरू सन्तानबाट पनि आमाबुबाले असुरक्षित महसुस गरेका हुन्छन् ।

यी सबै घटनामा मृतकका श्रीमतीहरू पैसाकै कारण पुर्ख्यौली सम्पत्तिको अंशबण्डामा समेत पक्षपात हुन्छ कि भन्ने मानसिक तनावमा रहेको पाइन्छ । जहाँ जहाँ महिलालाई सम्पत्तिमाथि हक प्राप्त छ त्यहाँ त्यहाँ पनि सामाजिक रीतिरिवाज, भावनात्मक दबाब, नाताको राजनीति लगायत जोरजबर्जस्ती गरेर पनि तिनलाई आफ्नो हक प्राप्त गर्नमा बाधा खडा गरिने प्रसंग कमला भासिनले उठाएकी छन् । उनका अनुसार महिलाले पैसाको व्यवस्थापन गर्न सक्दैनन्, यसैले सम्पत्ति दिनु हुँदैन भन्नुको अर्थ अहिले पनि महिलालाई दोस्रो दर्जाको ठान्नु हो; एउटा लिंगमा लागू हुने गरी दोस्रो लिंगले हैकम जमाउनु हो (भासिन सन् २००१ : ११) ।

यसमा थप, बुहारीको हैसियत घरमा निम्नस्तरीय हुने कुरा हिंसापीडित महिलाहरूको पक्षमा वकालत गर्दै आएकी, नवलपरासी पश्चिमकी अधिवक्ता सरस्वती शर्मा बताउँछिन्, "परिवारमा बुहारीलाई सधैँ अपरिपक्व, केही नबुझेका, नजानेको, केवल असक्षम सेवकको

[९] भुसालसँग बर्दघाटको माकरमा भदौ २८, २०७५ मा गरिएको कुराकानी ।

रूपमा व्यवहार गरेका हुन्छन् ।" आफूले हेरेका अधिकांश घटनामा यस्तो व्यवहार महसुस गरेको उनी बताउँछिन् ।

यी घटनाले सगोलको आम्दानी वा सम्पत्ति मानी आर्थिक सहायताको रकम र बिमा रकममा दाबी गरेको देखाउँछन् । यस्तो रकम सगोलको हुने कि निजी हुने स्पष्ट व्याख्या कानूनमा पनि गरिएको छैन । त्यसैले पनि आर्थिक सहायताको रकममा विवाद र द्वन्द्व रहेको छ । आर्थिक सहायताको रकम पाएकै कारण विधवा र उनका छोरीलाई पैतृक सम्पत्ति दिने मामिलामा पक्षपात गर्ने मनसाय देखाएको पाइन्छ ।

## *पैसा सापटी र हिनामिनाले पारिवारिक सम्बन्धमा दुष्प्रभाव*

अर्थशास्त्रको नियम अनुसार आफन्तसँग पैसाको कारोबार गर्दा डुब्न सक्ने खतरा छ । वैदेशिक रोजगारीको मृत्युपछि पाइने पैसा डुब्ने पनि खतरा छँदैछ, पैसाको लनेदेनको कारण आफन्तसँग सम्बन्ध बिग्रेको पाइन्छ । पैसाको कारोवार गर्दा घरपरिवारभन्दा बाहिरको मानिससँग व्यवहार गर्न सहज मानेको पाइन्छ । घरपरिवार सँगको व्यवहारमा पैसा नफर्काउने जोखिम रहेको र बाहिरी मान्छेसँग कागज बनाउने हुँदा सुरक्षित महसुस गरेको पाइयो । अध्ययन क्रममा १६ ओटा घटनामा पैसाकै कारण आफन्तसँग सम्बन्ध बिग्रेको देखिन्छ । सम्बन्ध बिग्रँदा विधवाहरूले आफूलाई असुरक्षित महसुस गरेका छन् ।

मनरीकी विमला चौधरीलाई आर्थिक सहायताको पैसा लिन माइतीले सहयोग गरेको थियो । घरपरिवार सँगको सम्बन्ध राम्रो नभएपछि उनी माइत बसेकी थिइन् । पैसा बैंकमा राखीदिन्छु भनी सबै पैसा लिएर हिनामिना गरिदिएकाले आफ्नै बुबासँग उनको झगडा भयो । माइतीबाट पनि निकालिएपछि उनी आफ्नै घरमा अलग भान्सा गरेर बस्छिन् । माइतीसँग उनको बोलचाल बन्द छ । पैसाकै कारण माइतीले पूजा र भोजमा नसम्झिने गरेको उनी बताउँछिन्, "मेरा बाआमाले भाइबहिनीको बिहेमा मेरै जेठानी, देउरानीलाई बोलाए तर मलाई बोलाएनन् ।"

पैसा नदिएकै कारण घरका सदस्यसँग प्रतापपुरकी सुनरियाको सम्बन्ध बिग्रेको छ; माइती नै अनेक आरोप लगाउन उद्यत देखिएका छन् । सुनरियाले बुबालाई समस्या पर्दा पैसा सहयोग गर्ने आश्वासन दिएकी थिइन् । उनले पैसा नपाउँदासम्म माइतीले हरेक काममा सघाएको पनि थियो । पैसा पाएपछि उनका दाइले काठमाडौँमै दश लाख रुपैयाँ सापटी मागे । पैसा नदिएपछि सम्बन्ध बिग्रिएको उनको अनुभव छ । घर बनाउन जग्गा किनेर ढुंगा झारेपछि बुबाले पनि पैसा मागे । बुबालाई पनि पैसा नदिएपछि माइतीका सबै जना उनीसँग रिसाए । उनकी आमाको आरोप छ, "पैसा नपाउँदा छोरीले पैसा दिन्छु भनेर बालाई आशा दिलाई तर पैसा पाएपछि केही सहयोग गरिन । मन लागेको गरी । अन्य जातको बिहारी सुकुमबासी केटोसँग बसेकी छ ।"

घर र माइतीसँग सम्बन्ध बिग्रेपछि सुनरिया लाञ्छना र सामाजिक बहिष्कारको शिकार भएकी छन् । आफूलाई असुरक्षित महसुस भएपछि आरोप लगाइएकै व्यक्तिसँग जीवन शुरू गरेको उनी सुनाउँछिन् ।

त्यस्तै, दाउन्नेदेवीकी सानुमाया थारूको माइतीसँग सम्बन्ध राम्रो भए पनि घरका सदस्यहरूसँग उनको सम्बन्ध बिग्रेको छ । पैसा नफर्काउने हो कि भन्ने आशंकामा पैसा नदिएकै कारण जेठाजुले आफ्नोबारे घरपरिवार र समाजमा अफवाह फैलाएको उनको भनाइ छ । घरपरिवारले नराम्रो भनेसँगै समाजले पनि नराम्रो भनेपछि असुरक्षित ठान्दै माइतीगाउँ सरावल पटनीमा बसाइँ सर्न लागेको उनले बताइन् ।

माइतीको सहयोगमा उनी जग्गा किनेर घर बनाउने तरखर गर्दैछिन् । साउदी अरबमा श्रीमान्ले चलाएको गाडीलाई लरीले ठोकेपछि उनीसँगै अन्य चार जनाको पनि मृत्यु भएको थियो । यो घटनाबाट विक्षिप्त भएकी सानुमाया छोराको माया र पीरले पनि माइतीतिरै तानिएकी हुन् । श्रीमान्को मृत्युपछि उनको छोरा घरमा बस्न नमानी १ कक्षादेखि मावलीघरमा बसेर पढिरहेको छ । उनी पीर पोख्छिन्, "छोरा नजरबाट टाढा रहँदा के हुने हो भनेर मनमनै डरलाग्छ ।"

आघातमा रहेका महिलामा आफ्नो सन्तान तथा आफूलाई सहयोग गर्ने आफन्तमाथि आउन सक्ने जोखिमलाई अतिरञ्जित ढंगले मनले बढाइ चढाइ सोच्ने, सन्तान केही बेर घर आउन ढिलो भयो भने असाध्य आत्तिने र उनीहरूमा पनि कुनै नराम्रो घटना हुन्छ कि भनेर बढी नै चिन्तित हुने लक्षण देखिने गर्छ (सीएमसी नेपाल सन् २०१५) ।

अगाडि-पछाडि सहयोग गर्ने कोही छैनन् भने महिलाहरूले आफूलाई असुरक्षित ठान्छन् । ऋण दिँदा पैसा डुब्ने सम्भावना र नदिँदा पनि सम्बन्ध बिग्रने खतराबीच शत्रु बढ्ने र समस्या हुँदा असहयोग हुने समस्या उनीहरूले भोगेका छन् । परिणाम स्वरूप बदला लिन लाञ्छना लगाउने र परिवारसँगै समाजमा शंका उत्पन्न गराइदिने घटना पनि भएको पाइन्छ । यस्ता घटनाले उनीहरूमा असुरक्षा र डर पैदा गरेको प्रस्ट देखिन्छ ।

यसरी श्रीमान्को मृत्युपछि एक्लो हुँदा परिवार, आफन्त, माइती र छिमेकीको माया, साथसहयोग र सौहार्द व्यवहार चाहिएको बेला पैसाको निहुँमा असहज परिस्थिति सिर्जना भएको छ । श्रीमान् मरेको पीडा, परिवार र छिमेकीको नकारात्मक धारणा र छोराछोरीको भविष्यबारे सोचेर महिलाहरूले असुरक्षित महसुस गर्ने कारणले उनीहरूमा मानसिक तनाव बढेको पाइन्छ ।

### *पैसाको कारणले शारीरिक असुरक्षा*

श्रीमान् वैदेशिक रोजगारमा गएको, मृत्यु भएको र आर्थिक सहायता आएको र त्यो विधवाको हातमा रहेको कुरा गाउँघरमा सबैजसोलाई थाहा हुन्छ । यसले आफू र छोराछोरीको

ज्यानलाई जोखिम निम्त्याउने, आफन्तले सापटी माग्दा नाई भन्न गाह्रो हुने भएकोले विधवाहरू आर्थिक सहायता, बिमा वा विदेशबाट आएको क्षतिपूर्तिको रकमबारे सहजै बताउन चाहँदैनन् । माइतकै सदस्यले समेत ज्यान मार्ने धम्की दिएको घटनाले उनीहरूको असुरक्षित र असहज अवस्थालाई प्रकट गर्छ ।

हरिमतिका श्रीमान्ले जेठानलाई एक लाख रुपैयाँ सापटी दिएका थिए । फिर्ता आउन बाँकी ५० हजार श्रीमान् बितेपछि माग्दा नफर्काएको र पैसा माग्दा फोनै नउठाएको हरिमतिको गुनासो छ (हेर्नुहोस्, अनुसूची) । बुबाआमाले पनि बोलचाल बन्द गरेकोमा दुखित हरिमति भन्छिन्, "पैसा पाएको त छ, किन अरू पैसा चाहियो भन्दै भाउजूले त पैसा मागिरह्यो भने अस्पतालमै सुई लगाएर मार्ने धम्की दिनुभयो ।"

सामान्यतया सम्पत्ति वा पैसा नभएको मान्छेभन्दा पैसा र सम्पत्ति हुने मान्छे असुरक्षित हुने गरेको पाइन्छ । पैसा र सम्पत्ति हुने मान्छे कसैले पैसा लुट्ने र लुट्न नपायो भने ज्यान मार्छ कि भन्ने वा अन्य जोखिममा पर्ने जस्ता मानसिक तनावले घेरिएको हुन्छ । सामान्य विधवाहरू गलत भावना राख्ने परपुरुषबाट असुरक्षित हुन्छन् तर पैसा पनि भएका विधवा त्यस्ता व्यक्तिबाट दोब्बर असुरक्षित हुन्छन् । "माया गर्छु बिहे गर्छु" भनेर फसाउने र पैसा दुरुपयोग गरिदिने जोखिम हुने गरेको पाइन्छ । बदमासी गर्ने व्यक्तिले पनि उनीहरूलाई सहयोग गर्ने व्यक्ति अगाडि पछाडि नदेखेपछि हमला गर्ने अवस्था हुन्छ । यस्तो प्रवृत्तिले महिलाहरूमा डर पैदा गरेको छ ।

मधेसका बुहारी र परिवारजनसँग काम गर्दै आएको सुआहारा कार्यक्रमका अजय पटेल बताउँछन्, "धनी परिवारका महिलालाई भन्दा गरिब परिवारका महिलालाई बाहिरी मान्छेबाट असुरक्षा हुन्छ । किनभने गरिब परिवारका एकल महिला घरव्यवहार चलाउन दैनिक ज्यालादारीको काममा जानुपर्ने हुन्छ । काममा अन्य पुरुषको सहयोग लिनुपर्ने हुन्छ र उनीहरूको एक्लो अवस्थाबाट फाइदा लिन खोज्ने हुन्छ । कहिले मायाले फकाएर त कहिले डरधम्की देखाएर पैसाको दुरुपयोग गरिदिएका घटना पनि गाउँघरमा हुने गरेका छन् ।"[१०]

श्रीमान् गुमाएका महिलाहरू धेरथोर पैसा चलाउँदै घरव्यवहार मिलाउन सक्रिय हुँदा धेरैलाई पचाउन कठिन हुन्छ । उनीहरू सामाजिक अवगालको शिकार हुने र बाहिरी मान्छेबाट असुरक्षित हुने गरेका छन् । घरभित्रै पनि उनीहरूले मानसिक र शारीरिक हिंसा बेहोर्नुपर्ने जोखिम छ ।

## *आर्थिक र कार्यबोझ व्यवस्थापन*

परिवार लैंगिक संरचना र विभाजनको मूल आधार हो । परिवारको कार्य विभाजनमा लैंगिक भूमिका पूर्वनिर्धारित रहेको पाइन्छ । महिला र पुरुषबीच कसले के काम गर्ने भनी

[१०] पटेलसँग पाल्हीनन्दन गाउँपालिकाको कुश्मामा मंसिर २८, २०७५ गरिएको कुराकानी ।

कार्य विभाजन गरिएको हुन्छ । घर भित्रको काम महिलाले र घर बाहिरको काम पुरुषले गर्ने गरी सामाजिकीकरण भएको छ ।

परम्परागत रूपमा मधेसी समाजमा घर बाहिरका काम हो : ऋण लेनदेन, खेतीबारी खनजोत, मलखाद, अन्न स्याहार, मजुरी लगाउने, औषधोपचार गर्न अस्पताल लैजाने, खानेपानी, विद्युत्, हाटबजार, छोराछोरी स्कूल भर्ना गर्ने र शुल्क तिर्ने । यी प्रायः काम श्रीमान्को जिम्मामा हुन्छ । मधेसका गाउँमा बिहे गर्ने बित्तिकै पुरुषहरू विदेश जाने चलन बढेको छ । श्रीमान्को अनुपस्थितिमा महिलाहरूको जिम्मेवारी बढेको छ । श्रीमान्को मृत्युपछि झन् बढ्ाउँछ । उनीहरूको हातमा पैसा आएपछि परिवारले भने अनुसार पैसाको भाग नलगाउँदा परिवारका सदस्यहरूले उनीहरूलाई एक्ल्याएको देखिन्छ । यसैले परम्परागत रूपमा पुरुषले गर्ने काम पनि महिलाले नै गर्नुपरेको छ ।

नमिलेको संयुक्त परिवारमा वा एकात्मक परिवारमा आर्थिक सहायताको रकम मृतककी श्रीमतीले बुझेपछि परिवारको आर्थिक व्यवस्थापनको भार, घरभित्र र बाहिरको सम्पूर्ण रूपमा महिलाको काँधमा आइपर्ने गरेको पाइन्छ । छोराछोरी हुर्काउन र घर व्यवस्थापन गर्न उनीहरूलाई तत्कालै सहयोग गर्ने कोही हुँदैन । उनीहरूले घर व्यवहार मात्र नभई जीविकोपार्जनका लागि घर बाहिर मजदुरी र ज्यालादारीको पनि काम गर्न थालेको पाइन्छ । विशेष गरी छोराछोरीको विद्यालयको शुल्क तिर्न, लुगाफाटो किनिदिन, बिरामी हुँदा औषधी-उपचार र हाटबजार गर्न पैसा जसरी पनि कमाउनु पर्ने मात्र नभएर श्रीमान्को अनुपस्थितिमा घर व्यवस्थापन र सरसफाइ, बाहिरी व्यवहार, छोराछोरीको पालनपोषण र स्याहारसुसार, गाईभैँसी, कुखुरा र बाख्रा पाल्ने, खेती गर्ने काम सबै उनीहरूले नै गर्नुपर्ने हुन्छ । यी काम सम्पन्न गर्न, विशेष गरी छोराछोरी हुर्काउन र घर व्यवस्थापन गर्न उनीहरूलाई तत्कालै सहयोग गर्ने कोही हुँदैन । उनीहरूले घर व्यवहार मात्र नभई जीविकोपार्जनका लागि घर बाहिर ज्यालादारीको पनि काम गर्न थालेको पाइन्छ ।

अमरौटकी सुशीला हरिजनका श्रीमान्को मृत्यु साउदी अरबमा सडक दुर्घटनामा भएको थियो । नेपाल सरकारबाट पाएको क्षतिपूर्तिबाट आफ्नो र छोराछोरीको नाममा खाता खोल्न बैंक जाने, घडेरी किनेर दुई कोठे घर बनाउन नक्सा पास गर्ने, मजदुर मिस्त्री खोज्ने काम उनी आफैले गरिन् । विदेशबाट आउन बाँकी बिमाको क्षतिपूर्ति र छोराछोरीको छात्रवृत्तिको लागि कागजात तयार गर्ने र सिफारिस लिने काम पनि आफैले भ्याइन् ।

"कसैको सहयोग लिउँ भने उसैसँग आरोप लगाइदिन्छन् । त्यसकारण केही समस्या परे सूचना केन्द्रमा र वडा कार्यालयको सरसँग सोधेर काम गर्छु अरूसँग जाँदिनँ ।" यसरी मनको पीडा र शंका पोखेकी सुशीला अधियाँ खेत लगाउने र मजदुरी गर्न जाने गरेको बताउँछिन् । सबै कामको बोझ आफ्नै काँधमाथि पर्दा आफूलाई चिन्ताले पलपल सताइरहने, मनमा धेरै कुरा खेलिरहने, रातभरि निन्द्रा नलाग्दा टाउको दुख्ने, आँखा कमजोर हुने र मनमा छटपटी लाग्ने गरेको सुनाउँछिन् ।

रामग्राम-४ की हरिमतिलाई घर बाहिर हिँडडुल गर्ने अनुमति छैन (हेर्नुहोस्, अनुसूची)। त्यसैले पनि उनी बाहिरका काममा जाँदिनन्। स्वास्थ्य ठीक नहुँदा नहुँदै पनि छोराछोरीलाई हुर्काउने र घर व्यवस्थापन गर्ने जिम्मेवारी उनकै थाप्लोमा छ। "पैसा भएपछि अरूले किन सहयोग गर्नुपऱ्यो आफै गरिहाल्छ नि" भन्ने मानसिकता परिवार र समाजमा व्याप्त छ। यस्तै तनावका कारण मानसिक रोगको औषधी खाँदै आएकी हरिमतिको मनमा कसैले सहयोग नगरेको गुनासो छ। हरिमतिको श्रीमान्ले पहिले बुबाआमालाई पैसा पठाउँथे, घरव्यवहार पनि सगोलमै चल्थ्यो। जेठी बुहारी भएकीले भान्सा र घरगोठको काम उनकै जिम्मेवारीमा थियो। श्रीमान्को मृत्युपछि बाहिरी व्यवहार पनि उनको काँधमा थपिएको छ।

पहिले उनका दुई जना देवरका पाँच जना बच्चा र उनका दुई जना बच्चाको फिस एकैपटक तिर्ने गरिन्थ्यो। श्रीमान् मरेपछि उनका छोराछोरीको पाँच महिनाको फिस बुझाइएकै रहेनछ। उनले छोराछोरीको फिस छात्रवृत्तिको पैसा आएपछि मात्रै बुझाउन सकिन्। यसरी असहयोग भएपछि हरिमतिले दुखेसो पोखिन्, "अब घरधन्दा भ्याएर बाहिरी काम गर्नुपर्ने भयो, स्कूलमा आफैले फिस पनि तिर्नुपर्छ। छोराछोरीको स्कूलको ड्रेस, कापी कलम, औषधी उपचार गर्न पनि मैले नै पैसा जहाँबाट भए पनि जुटाउनु पर्छ।"

पैसाले घरमा मनमुटाव जन्माएपछि परिवारले असहयोग गर्दा महिलाको कार्यबोझ बढेको छ। अप्ठ्यारो काममा अन्य व्यक्तिको सहयोग लिँदा सम्पत्तिको हिनामिना गरेको र उसैसँग सम्बन्ध रहेको लाञ्छना समेत लगाइएको पाइन्छ। बाहिरी मान्छेको सहयोग लिँदा समाजले नकारात्मक सोच राख्ने भएकाले विधवाहरू सकेसम्म बाहिरी व्यक्तिको सहयोग माग्न हिच्किचाउँछन्। यसरी हिच्किचाउँदा पनि महिलामाथि नै कार्यबोझ बढ्ने गरेको छ। पहिले परिवारले सघाउँदा घरभित्र र बाहिरका सहजै सम्पन्न हुने काम अब आफैले गर्नुपर्दा कार्यबोझसँगै चिन्ता बढेको छ।

## निष्कर्ष

यो अध्ययनबाट वैदेशिक रोजगारमा गएका कामदारको मृत्युले घरभित्र विभिन्न प्रकारका घटना-परिघटनाहरू सिर्जित भएको पाइयो, जसमध्ये आर्थिक सहायताको रकम प्राप्त गरेपछि प्रत्यक्ष रूपमा मृतकका श्रीमती र त्यसपछि बालबच्चा र सासू-ससुरा समेत विभिन्न तवरबाट प्रभावित भएको पाइयो। यो अध्ययनबाट निम्न बमोजिमको निष्कर्ष निकाल्न सकिन्छ।

### *पैसाको व्यवस्थापन र विधवाको चौतर्फी पीडा*

वैदेशिक रोजगार मृत्यु भएका कामदारका श्रीमतीहरू चौतर्फी रूपमा पीडित भएको पाइन्छ। उनीहरू श्रीमान्को मृत्युको आघात र बिछोडको पीडा, बच्चाको भविष्यको चिन्ता, पैसा व्यवस्थापनको तनाव, घरायसी मनमुटाव, परिवारबाट हुने अपहेलना, हिंसा र विधवालाई

समाजले गर्ने शंकालु व्यवहारसँगै लाञ्छनाको शिकार भएका छन् । कुनै पनि व्यक्तिलाई आघातको अवस्थामा पैसा, परिवार र कार्यबोझको व्यवस्थापन समानान्तर रूपले निर्वाह गर्नु निकै चुनौतीपूर्ण हुन्छ ।

श्रीमान् मरेको पीडा, अचानक ठूलो धनराशी घरमा भित्रिनु, पैसाकै कारण परिवार र छिमेकीले आफूप्रति राखेको नकारात्मक धारणा र छोराछोरीको भविष्यबारे सोचेर मृतकका श्रीमतीहरूमा मानसिक तनाव बढेको पाइयो । मानसिक तनावकै कारण आफ्नो, बालबालिकाको तथा परिवारको हेरचाहमा पर्याप्त ध्यान दिन नसकेको अवस्थामा उनीहरू घरपरिवार, माइती नजिकका आफन्तको साथ सहयोगमा निर्भर रहेको पाइयो । सहयोग लिने क्रममा उनीहरूमध्ये कसैले परिवारले माया गरेको, कसैले मानसिक यातना दिएको, कसैले बेवास्ता गरेको त साथीहरूले सहयोग गरे बापत पैसाको अपेक्षा गरेको मिश्रित अनुभव भेटिएको छ । पैसाकै कारण परिवार र छिमेकी सँगको सम्बन्ध बिग्रँदा असुरक्षा बढ्छ जबकि एक्लो हुँदा झन् परिवार, आफन्त, छिमेकी सबैको माया, साथ, सहयोग र सौहार्द व्यवहारको आवश्यकता पर्छ ।

मुख्यतयाः क्षतिपूर्ति बापतको रकमकै लागि परिवारका सदस्यले कचकच गरिरहने, घरपरिवारमा गालीगलौज तथा हेलाहोचो गरिने, आम्दानीको स्रोत नहुने र गरिबीको कारण सधैँ मानसिक तनाव भइरहने, छोराछोरीको सबै जिम्मेवारी एकल आमाले लिनु पर्दा महिलाहरू मानसिक, भावनात्मक, आर्थिक तथा सामाजिक हिंसामा परेको देखिन्छ । जसले गर्दा दिक्दारीपन (डिप्रेसन), चिन्ता रोग (एङ्जाएटी) का लक्षण सँगसँगै अन्य मानसिक स्वास्थ्य समस्या पनि देखिने गर्छ । यदि परिवारको एक जना सदस्यलाई यस्तो मानसिक समस्या देखियो भने त्यसले सबै परिवारलाई नै असर पुर्‍याउन सक्छ, विशेष गरी बालबच्चाहरूलाई बढी असर गरेको पाइन्छ ।

एउटा व्यक्तिको मृत्युले व्यक्तिको निजी जीवनमा, उसको बालबच्चा, परिवार र सिंगो समाजमा समेत नकारात्मक असर पर्नुका साथै हानि समेत पुर्‍याइराखेको हुन्छ । आफूले माया गरेको वा सर्वस्व ठानेको व्यक्तिको अकस्मात मृत्यु भयो भने यसले व्यक्तिलाई आघात पुर्‍याएको हुन्छ र यसमाथि लाञ्छना थपियो भने मानसिक चोट पनि पुगेको हुन्छ । यो समस्या बढ्दै गएर जटिल अवस्थामा पनि व्यक्ति पुग्न सक्छ जसका कारण व्यक्तिले जोखिमपूर्ण व्यवहार पनि अपनाएको पाइन्छ । परिवार, छिमेकी र समाजको सहयोगबिना आघातमा परेका महिलालाई आघातबाट बाहिर निस्कन र वृत्ति विकास गर्न असहज हुन्छ, यसकारण पनि पैसालाई प्राथमिकतामा नराखी महिलाका चौतर्फी पीडालाई न्यून गर्न परिवार र छिमेकीको भरपुर माया, साथ र सहयोगको खाँचो पर्छ ।

परिवारको असहयोगी वातावरण र अनुमतिबिना बाहिर निस्कने महिला राम्रो हुँदैन भन्ने सामाजिकीकरण बलियो छ । त्यही कारण सीप हुँदाहुँदै पनि आत्मबल कमजोर भएर,

पैसाको व्यवस्थापन गर्न नजानेर पनि उनीहरू परिवारमा निर्भर रहेका छन् । परिवारमा अर्थसँग जोडिएको क्रियाकलापमा निर्णय गर्दा महिलाका सुझाव सल्लाहलाई उपहास गरिएको पाइन्छ । आफ्नो नाममा बैंकमा खाता र लाखौँ रुपैयाँ रहँदारहँदै पनि शारीरिक र मानसिक रूपमा अत्यन्त कमजोर तथा आत्मविश्वासमा कमीका कारण पैसा व्यवस्थापनको मुद्दा पनि जटिल बनेको छ । हिंसाको शिकारमा परेका महिलालाई व्यक्तिगत मनोपरामर्श, पैसा व्यवस्थापन र परिवार व्यवस्थापन सम्बन्धी शिक्षाको आवश्यकता रहेको छ । क्षतिपूर्तिको रकम जिल्लामा दिने संरचना नभएकोले परनिर्भर भएर काठमाडौँसम्म गएर पैसा लिन जानु उनीहरूका लागि अत्यन्त पीडादायी रहेको देखिन्छ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट पाउने आर्थिक सहायता सम्बन्धित जिल्लाबाट पाउने व्यवस्था मिलाउन आवश्यक संयन्त्र विकास भएमा पीडित महिलाहरूको पीडा केही कम हुन सक्छ ।

### *सम्पत्तिमा समान अधिकार र परिवारमा विवाद*

हिन्दू होस् या इस्लाम धर्मावलम्बी, पहाडी होस् या मधेसी धेरैजसो समाजमा पुरुष शासक र महिला शासित हुने सामाजिकीकरण प्रबल छ । पुरुषलाई परिवारको प्रमुख, बच्चाहरूको संरक्षक तथा सम्पत्तिको मुख्य अधिकारी मानिन्छ । घरदेखि राज्यका सबै अंगमा पुरुष नै सर्वेसर्वा हुन्छन् । पुरुष नै सर्वेसर्वा हुनुपर्ने सम्पत्तिको मालिक बन्नुपर्ने र सम्पत्तिको मुख्य उत्तराधिकारी पुरुष नै हुनुपर्छ भन्ने मान्यताले परिवार र समाज निर्देशित छन् ।

बुहारीमाथि हुने हिंसाका नयाँ कारणमध्ये पछिल्ला वर्षमा आर्थिक स्वामित्वको मुद्दा प्रखर भएर देखा परेको छ । कानूनमा जे लेखिएको भए तापनि पुरुष मालिक हुने समाजमा कार्यान्वयनको तहमा पैसा घर भित्रिएपछि परिवारमा द्वन्द्व शुरू हुन्छ । बुहारीले पैसाको चेक बुझेर आफ्नै हातमा सुम्पिनुपर्छ भन्ने ससुराको मनोभाव हुन्छ । जब घर चलाउने जिम्मेवारी मेरो हो घरमूली नै मै हुँ भने पैसा पनि मलाई नै दिनुपर्छ भन्ने अडान पुरुष सदस्यको हुन्छ तब परिवारमा अन्तरविरोध हुन्छ । आफूले ऋण काढेर पठाएको छोरा वा भाइको आम्दानी वा आएको आर्थिक सहायताको रकममा सम्पूर्ण स्वामित्व आफ्नो हुनुपर्ने बुबा वा दाइको जिकिर हुन्छ । अर्कोतिर श्रीमती भएपछि श्रीमान्‌को पैसामा आफ्नो पहुँच हुनुपर्ने बुहारीको दाबी हुन्छ । यस्ता जिकिर र दाबीले पनि कतिपय घरभित्र झगडाको बिउ रोपेको पाइन्छ ।

विधवा बुहारीले दोस्रो बिहे गरेर जाने र सम्पत्ति समेत लैजाने आशंका र डर सासू-ससुरा लगायत अन्य पुरुष सदस्यमा देखियो । यसकारण पनि सम्पत्तिमा पक्षपात गर्न खोजिएको पाइयो । छोराको क्षतिपूर्तिको पैसा बुबाआमाले दाबी गर्नु स्वाभाविकै हो तर पैसा बुबाआमाले लिई अन्यत्र खर्च गर्ने जोखिम रहन्छ । सगोलमा रहँदा ससुराको नाममा भएको पैसा र किनिएको घरजग्गा बाँकी छोरालाई अंश लगाइदिन पनि प्रयोग हुने र पैसाको पनि भागबण्डा लगाइदिने सम्भावना र जोखिम बुहारीले देखेको हुन्छ । यसकारण

पनि पैसाको स्वामित्व बुबाआमाको नाममा हुने कि बुहारीको नाममा हुने भन्ने विवाद अधिकांश परिवारमा देखियो ।

परिवारभित्र अझै पनि महिलाको हातमा सम्पत्ति र नियन्त्रण हुनुहुँदैन, दिने पुरुष र थाप्ने महिला हुनुपर्छ भन्ने मान्यता छ । त्यसमा पनि महिलाले केही जानेको हुँदैन, उसको सम्पत्ति व्यवस्थापन गर्ने, कहाँ प्रयोग गर्ने भन्ने कुरा निर्णय गर्ने, योजना बनाउने क्षमता नै हुँदैन भन्ने सोच छ । कानूनले सम्पत्तिमाथि महिलाको अधिकार सुरक्षित गरे तापनि व्यवहारमा महिलाले सम्पत्ति अधिकार उठाए पनि घरभित्र द्वन्द्व भएको पाइन्छ । महिलाले पैसा वा सम्पत्तिको अधिकार पाउने कुरामा परिवारमा विवाद नै हुँदै आएको हुनाले अधिकार सुनिश्चित गर्न कानूनको सहारा लिनुपर्ने अवस्था छ ।

### *आर्थिक सहायताको रकम सगोलको या निजी सम्पत्ति भन्ने विवाद*

आर्थिक सहायता र क्षतिपूर्तिको रकमलाई सगोलको आम्दानी वा सम्पत्ति मान्दै त्यसमा दाबी विवादको मुख्य बिन्दु हो । यस्तो रकम सगोलको हुने कि निजी हुने स्पष्ट व्याख्या नभएकाले धेरैजसो परिवारमा आर्थिक विवाद छ ।

अंशबण्डा गरिएको वा भान्सा अलग भएको छैन भने विदेशबाट आउने रेमिटेन्स र यसबाट जोरिएको सम्पत्ति सगोलकै सम्पत्तिको रूपमा बुझिएको र हिस्सा लगाइएको पाइन्छ । त्यसै गरी आर्थिक सहायताको रकम सगोलकै सम्पत्तिको रूपमा बुझ्दै सबैले हिस्सा मागेको देखिन्छ ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद १ सम्पत्ति सम्बन्धी सामान्य व्यवस्थाको दफा २५६ निजी सम्पत्तिको प्रावधान छ । अंश, चिट्ठा वा उपहार स्वरूप प्राप्त गरेको, पारिश्रमिक, उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चय कोष, बिमा वा अन्य सामाजिक सुरक्षण बापत प्राप्त गरेको पैसा वा सम्पत्तिलाई यस प्रावधानले समेट्छ । त्यसमा श्रीमान्को मृत्यु बापत श्रीमतीले पाउने आर्थिक सहायता र श्रीमान्को बिमाको क्षतिपूर्ति निजी हुने कि सगोलको हुने, उल्लेख छैन । यसकारण आर्थिक सहायताको रकम भाग नलगाएकै कारण मृतककी श्रीमती र उनका छोरीहरूलाई सगोलको पैतृक सम्पत्ति दिने कुरामा पक्षपात गर्ने मनसाय राखिएको पाइन्छ ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ परिच्छेद १० अंशबण्डा सम्बन्धी व्यवस्थामा दफा २०९ को उपदफा २ ले अंशबण्डा नहुँदै पति वा बुबाआमा मरेमा निजले पाउने अंश निजका पत्नी वा छोराछोरीले पाउने अधिकार सुनिश्चित गरेको छ । तर व्यवहारमा भने मृतकका श्रीमती र छोरी मात्र भएको अवस्थामा अंशमा समेत पक्षपात गर्न खोजिएको पाइन्छ । आर्थिक सहायताको रकममा परिवारले दाबी गर्नु एउटा तर्क हुन सक्छ, तर यसैको आधारमा पुर्ख्यौली अंशबाट वञ्चित गर्नु विभेद हो ।

### *आर्थिक रूपले बलियो भए पनि महिलाको सामाजिक हैसियत परिवारको सहयोगले निर्धारण गर्छ*

समाजका सबै व्यक्तिको हैसियत समान छैन कसैको सामान्य, कसैको निम्न र कसैको उच्च खालको छ । निम्न तथा सामान्य सामाजिक हैसियत भएका व्यक्तिले पनि आ-आफ्नो हैसियतलाई सुधार गर्न लागिपरेका हुन्छन् भने उच्च स्थान प्राप्त गरेका व्यक्तिहरू पनि अझ त्योभन्दा बढी आफ्नो हैसियतलाई बढाउन चाहन्छन् । यसै गरी एउटा कामदार स्वयं र परिवारको जीविकोपार्जनसँगै सामाजिक-आर्थिक हैसियत सुधार्न वैदेशिक रोजगार रोजेको हुन्छ तर उसको मृत्यु हुँदा सम्पूर्ण परिस्थिति नै परिवर्तन हुन्छ । कामदारको मृत्युसँगै उसप्रति आश्रित परिवारको जीवनमा उतारचढाव आउँछ । श्रीमान् नहुँदा श्रीमतीको पहिचान नै फेरिन्छ । श्रीमान्को मृत्युसँगै महिलालाई विधवाका रूपमा हेरिन्छ ।

समाजमा विद्यमान मूल्यमान्यता एवं लैंगिक विचार, दर्शनले महिलाको समान मानवको हैसियतलाई लत्याएको पाइन्छ । समाजभित्र व्यक्तिको पहिचान नै उसको वास्तविक हैसियत हो, समाजमा रहँदा एउटा व्यक्तिले आशा गर्ने व्यवहार पनि हो । समाजले महिला र पुरुषको काम, कर्तव्य, व्यवहार, प्रवृति, उत्तरदायित्व फरक-फरक ढंगले चित्रण गरेको छ । पुरुषलाई मालिक र महिलालाई मजदुरको रूपमा बुझ्ने बुझाउने चलन बलियो छ । स्वयं महिलाले पनि त्यस हैसियतलाई स्वीकारेको पाइन्छ । महिलाहरूले यस्तो बुझाइभन्दा फरक भूमिका खेलेमा परिवारले भिन्न तरिकाले व्यवहार गर्दछ र छिमेकीले उसलाई अलग दृष्टिकोणले हेर्न थाल्छ । विधवा पैसा भएकी जवान छे भने उसले परिवार र समाजबाट नकारात्मक व्यवहार भोग्नुपर्छ, उसको चरित्रलाई शंकाको घेरामा राखिन्छ । शंका र नकारात्मक टिकाटिप्पणीले महिलाको हैसियतमाथि हमला गर्छन् ।

वैदेशिक रोजगारमा श्रीमान् गुमाउने महिलाले धेरथोर आर्थिक सहयोग त पाएका हुन्छन् । यस मामिलामा उनीहरूसँग पैसा हुँदैमा आर्थिक सशक्तीकरण हुन्छ भन्न सकिँदैन । परनिर्भरता, घरेलु हिंसा, असुरक्षाको वृद्धिसँगै आर्थिक सहायतामा र सम्पत्ति भागबण्डा सम्बन्धी विवादले उनीहरू चौतर्फी पीडामा भएको देखिन्छ । उनीहरूलाई परिवारका सदस्य र माइतीले गर्ने व्यवहारका आधारमा छिमेकी र समाजले सम्मानजनक वा अपमानजनक व्यवहार गर्ने गरेको पाइन्छ । सामाजिक हैसियत एउटा समुदायमा प्रतिष्ठाको तह निर्धारण गर्ने प्रक्रिया पनि हो भनेर बुझिन्छ र पारिवारिक सम्बन्धले महिलाको सामाजिक हैसियत निर्धारण गरेको पाइयो । महिलाको आर्थिक सशक्तीकरण र महिलाविरुद्ध हिंसा न्यूनीकरणको अन्तरसम्बन्धमा तथ्यांकीय सारगर्भिता पाइँदैन । यसकारण आर्थिक सशक्तीकरणका पहललाई सामाजिक सशक्तीकरणबाट पूर्णता दिइनुपर्ने देखिन्छ ।

## धन्यवाद
अध्ययनका क्रममा आफ्ना समस्या र पीडा मसँग पोख्नुहुने महिलाजन र उहाँहरूका परिवारका सदस्यहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । सामाजिक सवालमा दख्खल राख्ने समाजसेवीहरूको विचार र टिप्पणीका लागि धन्यवाद छ । इन्द्रेणी सामाजिक विकास मञ्च, सामी परियोजना, नवलपरासीमा आबद्ध सम्पूर्ण सहकर्मी साथीहरूको निरन्तर सहयोगका लागि आभारी छु । साथै, मनोसामाजिक परामर्शकर्ता सुमित्रा चौधरी र पुष्पा चौधरीलाई धन्यवाद छ । यो लेखको अवधारणालाई विकसित गर्ने र लेखनका क्रममा निरन्तर फिडब्याक दिनु हुने मार्टिन चौतारीका महेशराज महर्जन र सोहन प्रसाद साहप्रति विशेष आभार व्यक्त गर्दछु । यो लेखको अन्तिम खाका पढेर सुझाव दिने र सम्पादनमा योगदान पुऱ्याउने राजेन्द्र महर्जन र सम्पादन मण्डलका सदस्यहरूलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री

खत्री, पूर्णबहादुर । २०७३/२०७४ । वैदेशिक रोजगार : एक अध्ययन । *श्रम तथा रोजगार बुलेटिन* १२ : १०६ ।

भासिन्, कमला । सन् २००१ । *पितृसत्ता के हो?* (अनुवाद) । काठमाडौँ : स्त्री शक्ति ।

श्रेष्ठ, राजन प्रसाद । २०७५ । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयको एक दशक र भावी कार्यक्रमहरू । *वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयको एक दशक* (स्मारिका), पृ. ३–१७ । काठमाडौँ : वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड ।

सामी परियोजना । २०७३ । *रिटर्नी स्वयंसेवक घरधुरी भेटघाट प्रतिवेदन, २०७३* । नवलपरासी : इन्द्रेणी सामाजिक विकास मञ्च ।

सीएमसी नेपाल । सन् २०१५ । *मनोपरामर्श शिक्षासम्बन्धी सामग्री* । काठमाडौँ : सीएमसी नेपाल ।

Sijapati, Bandita, Ang Sanu Lama, Jeevan Baniya, Jacob Rinck, Kalpana Jha and Amrita Gurung. 2017. *Labour Migration and the Remittance Economy: The Socio-Political Impact*. Kathmandu: Centre for the Study of Labour and Mobility (CESLAM), Social Science Baha.

## अनुसूची : नमूना घटना अध्ययन

हरिमति यादव, वर्ष : ३३, रामग्राम-४

समस्या : श्रीमान्को मृत्यु, यौन दुर्व्यवहार, घरेलु हिंसा, आर्थिक सहायताको रकममा परिवारको दाबी, पैसाको कारणले परिवार र माइतीसँग मनमुटाव, जटिल मानसिक समस्या, बालविवाह, सबै कार्यबोझ, असुरक्षा

शिक्षा : साक्षर

परिवार : संयुक्त । १ छोरा, १ छोरी, ससुरा, सासू, ३ जना देवर र २ जना देवरानी, उनीहरूका ५ छोराछोरी

गाउँको केन्द्रमा घरैघरको बीचमा हरिमतिको अर्धपक्की घर छ । घरसँगै जोडिएको गोठमा तीन ओटा गाईभैँसी, चार ओटा बाख्रा, दुई ओटा गोरु र एउटा बाच्छा थिए । कुखुराको खोरमा दर्जन बढी कुखुरा थिए । एउटा कोठाभरि गाईभैँसीलाई खुवाउन पराल काटेर राखिएको थियो । मान्छे सुत्ने खाट भने धेरै सामानसँगै गल्लीमा थियो । यसले हरिमतिको घरमा प्रशस्तै काम हुने देखियो । जेठी बुहारी भएकोले पनि भान्सामा पकाउने केटाकेटीलाई खुवाउने जिम्मा पनि उनकै थियो ।

हरिमतिको बिहे भएको ६ महिनामै श्रीमान् मलेसिया गए र चार वर्ष उतै बसे । श्रीमान् नहुँदा उनका लागि परिवारमा खासै सहज भएन । त्यसैले उनी घर र माइती गरेर जसोतसो बसिन् । श्रीमान्ले विदेश हुँदा परिवारको कुरा सुनेर टेलिफोनबाट गाली गर्थे, घर आउँदा भने माया गरी सम्झाउने गर्थे । परिवारको कुरा सुनेर रक्सी खाएर पटक-पटक पिट्ने गरे । दोस्रो पटक साउदी अरब गएर दुई वर्ष उतै बसे र तेस्रो पटक पनि साउदी अरब नै गए । तर पछिल्लो पटक गएको डेढ वर्षमै गाडी दुघर्टनामा उनको मृत्यु भयो ।

डिसेम्बर २०१६ मा श्रीमान्को मृत्यु हुँदा हरिमतिको उमेर ३० वर्ष थियो । उनले सुने अनुसार "एक पटक ठक्कर दिएको गाडीले ब्याक गरी कुल्चेर मारेको हो ।" श्रीमान्को मृत्युले उनलाई ठूलो आघात पर्‍यो । १४ वर्षीया छोरी र ९ वर्षीय छोरासँगै भए पनि श्रीमान्को साथ र उपस्थिति सधैँ खट्किरहन्छ उनलाई । "मोटामोटी गरेर १५ वर्षको वैवाहिक सम्बन्धमा श्रीमान् श्रीमतीबीच तीन/चार वर्ष पनि लगातारको सँगै बसाइ नभएकाले सबै आनीबानी, व्यवहार बुझ्ने मौकै भएन । त्यही भएर पनि सानोतिनो कुरामा पनि झगडा भइरहन्थ्यो । तर मृत्यु नै भएपछि त्यो पनि अब बन्द भयो" हरिमतिले भनिन् ।

विवाह हुँदा हरिमति यादव दश वर्षकी मात्र थिइन् । १५ वर्षको उमेरमा उनलाई घरबार गर्न बुबाआमाले श्रीमान्को घर पठाए । "नवविवाहित दुलही विवाह भएर आएको दिन मेरो बिस्तारामा माइलो देवर लम्पसार परेर सुतेका थिए । उनले देऊ त्यो छिटो देऊ भन्दा त एकछिन आश्चर्यमा परेकी थिएँ म । तर, फेरि तिम्रो सामान छिटो देऊ भनिरहेपछि

जसोतसो जबर्जस्ती देवरलाई कोठाबाट निकाल्न त सफल भएँ ।" उनले देवरको हर्कत श्रीमान्लाई सुनाइन् । "श्रीमान्ले उल्टै मलाई गालामा एक थप्पड हानी गाली गरे," उनले विगत सम्झिइन् ।

मृतकको क्षतिपूर्ति बापत बोर्डबाट पैसा पाइन्छ भन्ने खबर थाहा पाएपछि परिवारले सकेसम्म आफै पैसा निकाल्न चाह्यो । तर श्रीमती नै चाहिने भएपछि हरिमतिको नाताप्रमाणका कागज बनाइयो । ससुरा र दाइसँगै काठमाडौँ गएर बिमा र बोर्डबाट क्षतिपूर्ति बापत रु. ११ लाख पाइयो । त्यो रकम हरिमतिको नाममा मुद्दती खातामा राखियो ।

"कहिले सासूले मेरो छोराको पैसा मलाई नि चाहियो भनेर कलह शुरू गर्ने, कहिले ऋण तिर्न पैसा चाहियो भनेर पटक-पटक सुनाउने । मेरो त कमाउने मान्छे नै मऱ्यो, अब म कसरी जीवन चलाउने, कसरी छोराछोरी हुर्काउने भनी पैसा दिन अस्वीकार गर्दा झगडा भइरहन्छ," उनले बताइन् ।

"मेरो छोरो खाइस्" भन्दै सासूले मानसिक यातना दिने गरेको उनी बताउँछिन् । पैसाको कुरा निकालेर घरबाट बाहिर निष्कासन गर्ने प्रयास गरिरहँदा दिक्दार भएर झुण्डिएर मर्ने प्रयास गरेको पनि उनले बताइन् ।

श्रीमान्को मृत्युको चिन्ता लामो समय रहँदा उनलाई निद्रामा समस्या भयो । त्यसैले उनले डाक्टरको सल्लाहमा तीन महिनासम्म निद्रा लाग्ने औषधी खाइन् । औषधी खाएपछि उनलाई सुतिरहन मात्रै मन लाग्ने भयो । उनको शारीरिक अवस्थाको फाइदा उठाउन आमाजू दिदीको श्रीमान्ले हातपात गरे, "श्रीमान् पनि छैन, तिमीलाई पनि त चाहियो होला नि, देऊ छिटो" भन्दै । प्रतिकार गरी उनले जसोतसो आफूलाई बचाइन् । तर संयुक्त परिवारमा बस्ने हरिमतिलाई नन्द, देउरानी, सासू, ससुराले पागल भइछ भने आरोप लगाए ।

एक रात बच्चासँगै सुतिरहँदा ढोका धकेलेर देवरले "भनेको मान्" भन्दै कोठामा छिर्न खोजे, तर उनले ढोका खोल्नै दिइनन् । भोलिपल्ट उनले देउरानीलाई भनिन्, "तिम्रो श्रीमान्ले मलाई नराम्रो व्यवहार गर्न खोजिरहेको छ ।" देउरानीले उल्टै आक्षेप लगाइन्, "तेरै दोष छ अझ अरूलाई दोष लगाउँछस् ? चाल करे डुडही मारजाय गिरही ।"

तीन ओटै देउरानीले उनलाई सहयोग नगर्ने र शंकाको दृष्टिले हेर्ने गरेको उनी बताउँछिन् । त्यति बेला उनलाई रिस पनि उठेको, डर पनि लागेको र रुन पनि मन लागेको जानकारी दिइन् । उनलाई ससुराले राम्रो व्यवहार गरे पनि सासूले सधैँ पैसा चाहियो भन्दै कचकच गर्थिन् र ससुरा बुहारी बीचको सम्बन्धमाथि शंकाको दृष्टिले हेर्ने गर्थिन् ।

घरका सदस्यले मात्र होइन छिमेकमा बस्ने श्रीमान्का राम्रा साथीहरूले पनि नराम्रो व्यवहार गर्ने गरेको उनको अनुभव छ । "नन्दको श्रीमान् यहाँ आउँदा तिमीलाई पनि त चाहियो होला भन्दै मेरो कोठामा छिर्न खोज्ने गर्छन् । यसकारण पनि जतातताबाट एकदम असुरक्षित भएको महसुस हुन्छ," कुराकानी गर्ने क्रममा राति सुत्दा दविया (धारिलो हतियार)

लिएर सुत्ने गरेको हरिमतिले बताइन् । उनकी सासूका अनुसार उनी बिरामी हुँदा सबैलाई मार्छु भनेर दविया खोज्ने र बिस्तारामा राखेर सुत्ने गर्थिन् । यस्ता मानसिक समस्या जटिल भएपछि उनी १५ दिन अस्पतालमै भर्ना हुनु पर्‍यो ।

सासू र देउरानीले नै उनको दिमाग बिग्रेको भन्ने गर्छन् । धेरै कुरा सोचिरहँदा जिब्रो मोटो भएर तल खिचिने, टाउको चलाउन नसक्ने, बोल्नै नसक्ने हुन्थ्यो भन्छिन् उनी ।

"लामो समय घरमा भेटघाट गर्न दिइएन । त्यसैले मनोपरामर्श गर्न नि सहज भएन । मानसिक तनाव जटिल हुँदै गएकाले उनलाई औषधी उपचार गर्नुपर्ने अवस्था भैसकेको थियो । तर औषधी नखुवाइ झारफुक गर्ने गरेका थिए । मनोपरामर्शका लागि छलफल चलाउन जाँदा भाउजूलाई सम्झाइदिनुस् भनेर साइँलो देवरले विदेशबाट फोन गरेका थिए । कि त उ मर्छ कि तिमीहरूलाई मार्छ यदि सबैको भलो चाहनुहुन्छ भने समयमै औषधी उपचार गर्नुस् भनेपछि मात्र परिवारले उपचार गरेका थिए," सामी परियोजनाका मनोपरामर्शकर्ता पुष्पा चौधरीले बताइन् ।

एक्लोपना महसुस हुने गर्छ, मनमा नकारात्मक कुरा खेलिरहने कसैसँग कुरा गरी हालुँ भने उल्टै आरोप लगाउने हुँदा भित्रभित्रै दबाउने गरेको हरिमति बताउँछिन् । यौन दुर्व्यवहार हुन्छ कि भन्ने असुरक्षा अनुभूत हुने, निद्रामा श्रीमान्सँग सधै कुराकानी गर्ने तथा उनको दुर्घटना भएको दृश्य देख्ने र झस्कने गरेको उनी बताउँछिन् । भित्र कोठामा सुत्न जाँदा उनी सपनामा रगतमा लत्पतिएको श्रीमान्को अनुहार देख्ने र तर्सिने गर्थिन् । त्यसैकारण पनि एक्लै सुत्न नसक्ने, सासू र बच्चाहरूलाई सँगै सुत्न भन्ने, कसैले मारी हाल्छ कि भनेर शंका लाग्ने, अस्वाभाविक व्यवहार गर्ने कुरा मनोपरामर्शका क्रममा देखेको चौधरीले बताइन् । खानपिन र निद्रामा कमी आएपछि उनको स्वास्थ्य खराब हुँदै गयो । पछि त अरूको सहारामा मात्र हिँड्नुपर्ने नत्र सुतिरहने समस्या देखियो । पुराना घटना सम्झिरहने र रोइरहने गर्नाले आँखा भित्र गड्ने र टाउको दुख्ने भएर चश्मा लगाउनुपर्ने सिफारिस हुँदा पनि उनले लाज लागेर चश्मा लगाइनन् ।

छोराछोरीका लागि छात्रवृत्तिमा पनि परिवारजन नै बाधक बनेपछि उनको तनाब बढ्यो । बोर्डबाट प्राप्त हुने छात्रवृत्तिको लागि कोसिस गर्न खोज्दा माइला देवरले सबै कागजपत्र लुकाइदिए । सबै पैसा आफैसँग राखेपछि अरू पैसा किन चाहियो भनेर माइला देवरले घुर्क्याए । यसैकारण उनले पहिलो वर्षको छात्रवृत्तिका लागि निवेदन नै पेस गर्न पाइनन् । दोस्रो वर्ष उनी आफैले सबै कागजपत्र बनाउन पहल गरिन् र छोराछोरी दुवै जनाले छात्रवृत्तिको पैसा पनि पाए । त्यही पैसा पनि सासूले मागेको र नपाएपछि गाली गरेको हरिमति बताउँछिन् ।

"मानसिक रूपमा समस्या हुँदा के गरेँ के भनेँ, केही थाहा छैन । एक वर्ष नै भयो माइतको कसैले पनि सोधखोज गरेनन् । मेरो बा आमा, दाइ भाउजू, देउरानी कोही मसँग

बोल्दैनन् । भाउजूले त अस्पतालमै सुई लगाएर मार्ने धम्की दिनुभयो," अनुहार मलिनो बनाएर हरिमतिले भनिन् ।

संयुक्त परिवारमा बस्ने भएकीले उनी हरेक काम गर्न घरबाट निस्कँदा अनुमति लिएर मात्र निस्कन पाउँछिन् । बाहिर एक्लै निस्कन नदिने अवस्थामा काम गर्न जान दिने कुरै भएन, परिवारकै शरणमा बस्नुपरेको छ । लुगा सिउने सीप र मेसिन पनि भएकोले थप तालिम लिएर सिलाइको काम थाल्छु भन्दा घरको इज्जत फाल्न खोज्दैछस् भनी रोकावट भयो । "मलाई लुगा सिलाइ बुनाइ गर्न आउँछ । अझै सिकेर काम गरेँ भने मेरो सामान्य खर्च मैले आफै जुटाउन सक्छु । तर घरबाहिर निस्कन मलाई गाह्रो छ," उनी गुनासो गर्छिन् ।

ठूलो संयुक्त परिवारमा बस्ने हरिमतिले अरूसँग बोलेको पनि परिवारका सदस्यलाई मन पर्दैन । उनी भन्छिन्, "कान्छी देउरानीले दोस्रो विवाह गरेपछि परिवारले बाहिर निस्कन दिँदैन । कान्छा देवर विदेशबाट आएपछि दोस्रो विवाह गर्ने र भागबण्डा गर्ने कुरा छ । घरमा जे बन्छ छोराछोरीले खान पाएका छन् । अलग बसे भने कसरी घर चल्छ भन्ने चिन्ताले सताउने गरेको छ ।"

उनी थप भन्छिन्, "मेडिकल कलेज भैरहवाका मनोचिकित्सकले फलोअप जाँचका लागि बोलाएका थिए । सँगै जाने कोही साथी नभएर म गइनँ । एक महिना परासीको औषधी खाएँ, त्यसपछि पाँच महिनादेखि औषधी खाएकी छैन । अस्पताल जाँदा फेरि भर्ना गर्छ भन्ने डर लाग्छ । खुट्टाको जोर्नी दुखेकोले दुखाइ कम हुने औषधी खाएकी छु ।"

उनीसँग अन्तर्वार्ता लगत्तै परिवारसँग कुराकानीको क्रममा यस अनुसन्धानकर्ताले हरिमतिलाई अस्पताल लैजानुपर्छ है भनेर आग्रह गरिन् । "यसको दिमागले काम गर्दैन, जे मन लाग्यो बोल्छे, कसले यसलाई अस्पताल पुराउने, पहिलाभन्दा राम्रो भएको छ, अस्पताल नगए पनि हुन्छ । पहले जेसन नाही पगलाइलया अभिन्वा के चिकने तेया काहे अस्पताल जाएके परी," भान्साकै खाटमा पल्टी रहेकी सासूले खिसिक्क हाँस्दै हेपेर बोलिन् ।

*(हरिमतिको घरमा यस अनुसन्धानकर्ता र मनोपरामर्शदाता पुष्पा चौधरीको संयुक्त भेटघाट पश्चात् यो घटना विवरण तयार गरिएको हो । यसबारे अध्ययन र लेखनका लागि सामी परियोजनाका मनोपरामर्श प्रगति प्रतिवेदनको सहयोग लिइएको थियो)* ।